# प्रदेश तथा स्थानीय तहका लागि लैङ्गिक उत्तरदायी बजेट नमूना निर्देशिका, २०७७




नेपाल सरकार

**अर्थ मन्त्रालय**

बजेट तथा कार्यक्रम महाशाखा

लैङ्गिक उत्तरदायी बजेट समिति

# प्रदेश तथा स्थानीय तहका लागि लैङ्गिक उत्तरदायी बजेट नमूना निर्देशिका, २०७७

अर्थ मन्त्रालयबाट स्वीकृत भएको मितिः२०७७।१२।१७

**अर्थ मन्त्रालय**

बजेट तथा कार्यक्रम महाशाखा

लैङ्गिक उत्तरदायी बजेट समिति

# विषयसूची


**१. प्रारम्भिक ........ १**

१.१ प्रस्तावना ........ १

१.२ निर्देशिकाको नाम र प्रारम्भ ........ २

१.३ परिभाषा ........ २

१.४ निर्देशिकाको उद्देश्य ........ ४

१.५ निर्देशिकाका प्रयोगकर्ता ........ ४

**२. लैङ्गिक उत्तरदायी बजेट कार्यान्वयनका लागि संस्थागत व्यवस्था ........ ५**

२.१ स्थानीय तह ........ ५

२.२ प्रदेश तह ........ ६

२.३ सङ्घ तह ........ ८

२.४ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय ........ ९

२.५ राष्ट्रिय योजना आयोग ........ ९

**३. वार्षिक योजना तथा बजेट तर्जुमा प्रक्रिया ........ १०**

३.१ योजना तर्जुमामा लैङ्गिक विषयवस्तुको एकीकरण ........ १०

३.२ लैङ्गिक उत्तरदायी बजेटका प्रावधान सहित प्रदेश तथा स्थानीय तहको योजना तर्जुमाका चरण ........ ११

३.३ लैङ्गिक उत्तरदायी बजेट तथा राजस्व अभिवृद्धि ........ १७

३.४ लैङ्गिक उत्तरदायी बजेटको वर्गीकरणः लैङ्गिक उत्तरदायी बजेटको लागि कोडिङ र अङ्क प्रदान ........ १८

३.५ लेखा प्रणालीमा लैङ्गिक विषयवस्तु ........ २०

३.६ स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणालीमा प्रविष्टि ........ २१

३.७ विषयगत मन्त्रालय बजेट सूचना प्रणालीमा आवद्धता ........ २१

३.८ महालेखा नियन्त्रक कार्यालयको वार्षिक प्रतिवेदनमा आवद्धता ........ २२

**४. लैङ्गिक उत्तरदायी बजेटको अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन ........ २३**

**अनुसूचीहरू ........ २४**

अनुसूचीहरूको सूची

अनुसूची—१ लैङ्गिक उत्तरदायी बजेटका उपायहरू सहित योजना तथा बजेट तर्जुमाका चरण

अनुसूची—२ खण्डीकृत सूचना तथा तथ्याङ्क सङ्कलन फारम

अनुसूची—३ योजना तहमा महिला सशक्तिकरण तथा लैङ्गिक समानतासँग सम्बन्धित क्रियाकलाप

अनुसूची—४ क्रियाकलापहरूको लैङ्गिक उत्तरदायी बजेट सम्बन्धी सङ्केत (कोडिङ) को उदाहरण

अनुसूची—५ स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणालीमा रणनीतिक लैङ्गिक उत्तरदायी बजेट सङ्केत (कोडिङ) को स्क्रीन

# १. प्रारम्भिक

## १.१ प्रस्तावना

नेपालको संविधानले सबै नागरिक कानूनको दृष्टिमा समान हुनेछन, कसैलाई पनि कानूनको समान संरक्षणबाट वञ्चित नगर्ने प्रतिबद्धता सहित नागरिकहरुलाई समानताको हकको प्रत्याभूति गरेको छ । नेपाल विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अभिसन्धिहरूको पक्ष राष्ट्र भएकाले लैङ्गिक समानता, महिला सशक्तिकरण र सामाजिक समावेशीकरणलाई कानुनी रूपले स्वीकार गरी अन्तर्राट्रिय प्रतिबद्धता समेत व्यक्त गरेको छ । प्रदेश तथा स्थानीय तहहरूले संविधान एंव अन्य प्रचलित कानून बमोजिम वि.सं. २०७५ सालदेखि आफ्नो योजना तथा बजेट तर्जुमा तथा कार्यान्वयन गर्दै आएका छन् ।

आर्थिक वर्ष २०६४।०६५ देखि नेपाल सरकारका सबै मन्त्रालयहरूले लैङ्गिक उत्तरदायी बजेट प्रणालीको अभ्यास गर्दै आएका छन् । प्रत्येक मन्त्रालयले वार्षिक कार्यक्रममा लैङ्गिक उत्तरदायी बजेटको मान्यतालाई समावेश गरी तदनुरुप प्रतिवेदन गर्ने गरेका छन् ।

पन्ध्रौं योजना (२०७६।७७—२०८०।८१) ले राज्यका तीनै तहको सरकारमा लैङ्गिक उत्तरदायी बजेट विनियोजन पद्धति (जसलाई लैङ्गिक उत्तरदायी सार्वजनिक वित्तीय व्यवस्थापन पनि भनिन्छ) लाई संस्थागत गर्ने रणनीति लिएको छ । चालू आर्थिक वर्षको बजेट वक्तव्यबाट लैङ्गिक उत्तरदायी बजेट प्रणालीलाई प्रदेश र स्थानीय तहको बजेट प्रणालीमा समेत समावेश गर्ने नीतिगत उद्घोष गरिएको छ । अर्थ मन्त्रालयको बजेट तथा कार्यक्रम महाशाखा मातहत लैङ्गिक उत्तरदायी बजेट समिति गठन गरी अर्थ मन्त्रालयले प्रदेश तथा स्थानीय तहसँगको सहकार्यमा यो नमूना निर्देशिका तयार गरेको र निर्देशिकाले प्रदेश तथा स्थानीय तहबाट बजेट विनियोजन गरिएका कार्यक्रम अन्तर्गतका क्रियाकलापहरूको वर्गीकरण गर्नुपर्ने र ती क्रियाकलापहरूले महिला सशक्तिकरण तथा लैङ्गिक समानतालाई थप योगदान गर्दछ भन्ने विश्वास गरिएको छ । लैङ्गिक उत्तरदायी बजेट विनियोजन पद्धतिले बजेट तयारीका समयमा विकसित गरिएका नीति र खर्च प्रस्तावबाट लाभग्राहीमा परेको प्रभावका मूल्याङ्कन गर्ने आधार प्रदान गर्दछ । महिला सशक्तिकरण तथा लैङ्गिक समानतालाई प्रवर्द्धन गर्ने क्रियाकलापहरू समावेश गर्नुका साथै लेखा चार्टमा वर्गीकरण गरिएका क्रियाकलापहरूका लागि भएको विनियोजनका आधारमा खर्चहरूको अभिलेख राख्ने र पहिल्याउने उद्देश्य समेत यसबाट राखिएको छ ।

## १.२ निर्देशिकाको नाम र प्रारम्भ

प्रदेश तथा स्थानीय तहको योजना तथा बजेट तर्जुमा प्रक्रियामा लैङ्गिक उत्तरदायी बजेटका लागि लक्षित यो निर्देशिकाको नाम "प्रदेश तथा स्थानीय तहका लागि लैङ्गिक उत्तरदायी बजेट नमूना निर्देशिका २०७७" रहेको छ । यो निर्देशिका अर्थ मन्त्रालयबाट स्वीकृत भएको मिति देखि लागू गरिनेछ ।

## १.३ परिभाषा

कुल बजेटको अनुमान, आयको आधारको खोजी, विभिन्न शीर्षकहरूमा गरिने विनियोजन र खर्च, खर्चको अभिलेख र लेखाजोखा लगायतका सम्पूर्ण पक्षमा लैङ्गिक समानताको लक्ष्य प्राप्तिलाई केन्द्रमा राखेर उद्देश्यमूलक ढङ्गले, योजनाबद्धरूपमा, लैङ्गिक विश्लेषण सहित आर्थिक स्रोतको सुनिश्चितता र उपलब्धिको समतामूलक वितरण र उपभोग हुने गरी गरिने बजेट तर्जुमा प्रक्रिया लैङ्गिक उत्तरदायी बजेट पद्धति हो।[१]

केही मुख्य शब्दावलीहरूको परिभाषा तल दिइएको छ ।[२]

१. "लैङ्गिक" भन्नाले समाजबाट निर्मित महिला र पुरुषको भूमिका एवम् पहिचानका साथै उनीहरू बीचको सामाजिक सम्बन्धलाई सम्झनुपर्छ ।

२. "विपन्न" भन्नाले नेपाल जीवनस्तर सर्वेक्षण २०६६/६७ मा गरिएको परिभाषा अनुसार औसत प्रतिव्यक्ति प्रतिदिन २,२२० क्यालोरी बराबर भन्दा कम खाद्य पदार्थ उपभोग गर्ने घरपरिवार एवम् व्यक्तिहरूलाई सम्झनुपर्दछ ।

३. "वञ्चित समूह" भन्नाले परम्परागत रूपमा लामो समयदेखि जातीय, आर्थिक, अपाङ्गता, यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक एवम् भौगोलिक कारणहरूले गर्दा पछि परेका महिला, दलित, आदिवासी जनजाति, मधेशी, मुस्लिम, अपाङ्ग, जेष्ठ नागरिक एवम् दुर्गम क्षेत्रमा बसोबास गर्ने जनता सम्झनुपर्छ।

---

[१] अर्थ मन्त्रालय, लैङ्गिक उत्तरदायी बजेट तर्जुमा दिग्दर्शन २०६९, सिंहदरवार, काठमाडौं, नेपाल ।

[२] साभार गरिएका दस्तावेजहरु: (१) सहरी विकास मन्त्रालय, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मार्गदर्शन २०७०, सिंहदरवार, काठमाडौं । (२) भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यसञ्चालन मार्गदर्शन २०७४, सिंहदरवार, काठमाडौं । (३) स्वास्थ्य मन्त्रालय, स्वास्थ्य सेवाको पहुँच बाहिर परेकाहरूलाई समेट्ने राष्ट्रिय रणनीति २०७३—२०८८, २०७३, सिंहदरवार, काठमाडौं । (४) गण्डकी प्रदेश नीति तथा योजना आयोग, लैङ्गिक समानता र सामाजिक समावेशीकरण निर्देशिका ।

४. “लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (जेसी)” भन्नाले महिला तथा पुरुष र विभिन्न सामाजिक समूहहरूबिचको असमान शक्ति सम्बन्धहरूलाई पुनः सन्तुलित गर्न तथा हरेक प्रकारका सामाजिक पहिचान भएका व्यक्तिहरूका लागि समान अधिकार, अवसर एवम् सम्मान सुनिश्चित गर्नका लागि आवश्यक कदम चाल्नुपर्ने विषयलाई सम्झनुपर्छ ।

५. “सशक्तिकरण” भन्नाले विकासका अवसरहरूबाट वञ्चित, स्रोत र साधनमा पहुँच तथा नियन्त्रणमा पछाडि परेका अशक्त वा कमजोर वर्गलाई सबल बनाउने कार्यलाई सम्झनुपर्दछ ।

६. “जीविकोपार्जनका लागि सशक्तिकरण” भन्नाले गरीब महिला तथा पुरुषहरूलाई कार्य गर्ने सक्ने बनाउन सम्पत्ति र क्षमताको अभिवृद्धि गर्ने कार्यलाई सम्झनुपर्छ ।

७. “आवाज वा परिचालन सशक्तिकरण” भन्नाले आफूहरूलाई प्रभाव पार्ने संस्थाहरूमा सहभागी हुन, प्रभाव पार्न र उत्तरदायी बनाउने कार्यमा महिला, विपन्न तथा वञ्चित समूहका मानिसहरूको अर्थपूर्ण सहभागिताका लागि उनीहरूमा अनिवार्य रूपमा आफ्नो अधिकारका पक्षमा आवाज उठाउन सक्ने, प्रभावकारी प्रतिनिधिमूलक संस्थाहरू गठन गर्न सक्ने र परिवर्तनका लागि गठबन्धन निर्माण गर्न सक्ने क्षमता सम्झनुपर्दछ ।

८. “खण्डीकृत तथ्याङ्क” भन्नाले महिला तथा पुरुष, जातीय समूह, यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समूह, एवम् अपाङ्गता भएका व्यक्ति तथा अन्य वञ्चित समूहहरूको खण्डीकृत तथ्याङ्कहरूलाई सम्झनुपर्छ ।

९. “लैङ्गिक हिंसा”भन्नाले फरक लिङ्ग भएको आधारमा घरेलु हिंसा, कार्यस्थलमा हुने विभेद, यौनजन्य दुव्र्यवहार, सामाजिक कुरीतिजन्य तथा विभेदपूर्ण व्यवहार लगायत फरक लिङ्ग भएकै कारणले हुने हिंसा र भेदभाव सम्झनुपर्छ ।

१०. “लैङ्गिक समानता” भन्नाले महिला र पुरुषबीच सबै क्षेत्र र तहमा समान अवसर र समान लाभ हासिल गर्ने अवस्थालाई सम्झनुपर्छ ।

११. “अपाङ्गता भएका व्यक्ति” भन्नाले शारीरिक दुर्बलता, बहिरा, दृष्टिविहीन, बौद्धिक, मानसिक वा महसुस गर्ने क्षमता कमजोर भएका मानिसहरू हुन् जो सरकारले उपलब्ध गराउने सेवा तथा सुविधाको पूर्ण र सहज रूपमा उपभोग गर्न असमर्थ छन् र अपाङ्गता भएको भनी आधिकारिक अस्पताल तथा चिकित्सकबाट पुष्टि भएका व्यक्तिहरुलाई सम्झिनुपर्छ ।

१२. “लैङ्गिक संवेदनशील” भन्नाले महिला, विपन्न तथा वञ्चितीमा परेकाहरूको विषयगत क्षेत्रका स्रोत तथा अवसरहरूमा पहुँच पुगेको सुनिश्चित हुने गरी महिला तथा पुरुष र तेस्रो लिङ्गीका भिन्न आवश्यकताहरू तथा असमान शक्ति सम्बन्ध एवम् असमानताहरूलाई सम्बोधन गरिएको अवस्थालाई सम्झनुपर्दछ ।

१३. "एलजीबीटीआई" भन्नाले समलिङ्गी महिला, समलिङ्गी पुरुष, उभयलिङ्गी, तेस्रो लिङ्गी, पहिचान भन्दा भिन्न लैङ्गिक रुचि र व्यवहार हुनेहरू र अपूर्ण वा द्वैत लिङ्गीलाई सम्झनुपर्दछ ।

## १.४ निर्देशिकाको उद्देश्य

महिला तथा पुरुषलाई सार्वजनिक वित्तको समतामूलक वितरण भएको सुनिश्चित गर्न बजेट तर्जुमा प्रक्रियामा महिला सशक्तिकरण र लैङ्गिक समानताको प्रवर्द्धन गर्नु हो । बजेट तर्जुमा प्रक्रियाका सबै चरणमा देहायबमोजिम लैङ्गिक दृष्टिकोणलाई समावेश गर्नु यो निर्देशिकाको उद्देश्य होः

१. लैङ्गिक दृष्टिकोणबाट योजनाबद्ध प्रयासहरूको विश्लेषण गर्ने,

२. महिला समानता तथा महिला सशक्तिकरणको अभिवृद्धिका लागि लक्षित सार्वजनिक स्रोतहरूको सङ्कलन तथा विनियोजन सुनिश्चित गर्ने,

३. लैङ्गिक अन्तरहरूको सम्बोधन गर्न लगानी सुनिश्चित गर्ने र

४. लैङ्गिक समानता तथा महिला सशक्तिकरणका लागि सरकारी जवाफदेहिता तथा पारदर्शिता अभिवृद्धि गर्ने ।

## १.५ निर्देशिकाका प्रयोगकर्ताहरू

यस निर्देशिकाका मुख्य प्रयोगकर्ता प्रदेश र स्थानीय तह हुन् । यो मुख्य रूपमा सार्वजनिक वित्तीय व्यवस्थापनका लागि जिम्मेवार निकाय सहित सङ्घ, प्रदेश तथा स्थानीय तहका सरकारी कर्मचारीहरूप्रति लक्षित छ । यसका अतिरिक्त महिला सङ्गठन, गैरसरकारी संस्था, शैक्षिक संस्था, दातृ समुदाय, निजी क्षेत्र, जनप्रतिनिधि र सम्बन्धित नागरिकहरू जस्ता प्रदेश तथा स्थानीय तहसँग कार्य गर्ने सबै सरोकारवालाले यो निर्देशिकाका प्रावधान पालना गर्नेछन् ।

# २. लैङ्गिक उत्तरदायी बजेट कार्यान्वयनका लागि संस्थागत व्यवस्था

## २.१ स्थानीय तह

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले नगरपालिकाका प्रमुख, गाउँपालिकाका अध्यक्ष, वडा समिति, स्थानीय राजस्व परामर्श समिति, स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समितिलाई स्थानीय तहको योजना, बजेट तथा कार्यक्रम तयार गर्न अधिकार दिएको छ । कानूनतः विभिन्न जिम्मेवारीहरू प्रदान गरिएका मध्येका महत्वपूर्ण जिम्मेवारीको रूपमा लैङ्गिक उत्तरदायी बजेटलाई समावेश गर्न देहायका कार्यहरू गर्नुपर्ने हुन्छ ।

| **स्थानीय सरकार सञ्चालन ऐन अनुसारको सान्दर्भिक जिम्मेवारी** | **लैङ्गिक उत्तरदायी बजेट सम्बन्धी जिम्मेवारीहरू** |
|---|---|
| *स्थानीय राजस्व परामर्श समिति* | |
| १. कर तथा अन्य राजस्व सम्बन्धी नीति तथा कानुनहरूका बारेमा आवश्यक सल्लाहकार सेवा उपलब्ध गराउने ।<br>२. राजस्वको स्रोत, क्षेत्र र दरको विश्लेषण गरी आगामी आर्थिक वर्षको राजस्वको अनुमान गर्ने ।<br>३. स्थानीय उद्योग तथा व्यवसायहरूको प्रवर्द्धन तथा रोजगारी सिर्जना । | १. सल्लाह दिनु अघि कर तथा अन्य राजस्वसँग सम्बन्धित नीति तथा कानुनहरूको प्रभावका बारेमा विश्लेषण गर्ने ।<br>२. राजस्वका स्रोत, क्षेत्र र दरहरू र महिला तथा पुरुषमा पर्ने प्रभाव तथा लैङ्गिक समानता तथा महिला सशक्तिकरण र सामाजिक समावेशीकरणमा प्रत्यक्ष वा अप्रत्यक्ष सकारात्मक वा नकारात्मक प्रभाव पर्ने वा नपर्ने कुराको विश्लेषण गरेर आगामी आर्थिक वर्षको राजस्वको अनुमान गर्ने ।<br>३. महिला तथा सीमान्तीकृत पृष्ठभूमिका महिलाहरू सहित सबैका लागि रोजगारी सिर्जना र स्थानीय उद्योग तथा व्यवसायहरूको प्रवर्द्धन गर्ने । |
| *स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति* | |
| १. आन्तरिक आय तथा अन्य स्रोतहरूबाट प्राप्त हुने रकमको अनुमान गर्ने ।<br>२. कूल तथा विषयगत क्षेत्रको बजेट सिमा निर्धारण गर्ने ।<br>३. बजेट तथा कार्यक्रमको प्राथमिकता निर्धारण गर्ने । | १. आन्तरिक आय तथा बाह्य स्रोतबाट प्राप्त हुने रकमको महिला तथा पुरुषमा पर्ने लैङ्गिक भिन्नता प्रभावको मूल्याङ्कन गर्ने ।<br>२. लैङ्गिक मूल्याङ्कनमा आधारित भई विषयगत क्षेत्रको बजेट र कूल बजेट निर्धारण गर्ने ।<br>३. बजेट सीमाले महिलाको जीविकोपार्जन तथा आवाज (प्रभाव पार्ने क्षमता) सशक्तिकरण र विभेदजन्य नीति तथा सामाजिक |

| स्थानीय सरकार सञ्चालन ऐन अनुसारको सान्दर्भिक जिम्मेवारी | लैङ्गिक उत्तरदायी बजेट सम्बन्धी जिम्मेवारीहरू |
|---|---|
| | अभ्यासहरूमा परिवर्तनलाई सम्बोधन गर्न आवश्यक प्रयासहरूका लागि पर्याप्त स्रोत समेटेको सुनिश्चित गर्ने ।<br>४. बजेट तथा कार्यक्रमहरूको प्राथमिकता निर्धारणका शर्तमा लैङ्गिक अवरोधहरूको न्यूनीकरण र लैङ्गिक समानता तथा महिला सशक्तिकरणको प्रवर्द्धनका लागि क्षमता अभिवृद्धि गर्ने समावेश गर्ने । |
| *बजेट तथा कार्यक्रम तर्जुमा समिति* | |
| १. आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम प्रस्ताव तयार गर्ने । | १. लैङ्गिक—खण्डीकृत तथ्याङ्क र लैङ्गिक विश्लेषणात्मक तथ्यहरूको प्रयोगबाट सूचित हुने ।<br>२. आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम प्रस्तावमा देहायका कुरा भएको सुनिश्चित गर्नेः<br>- महिलाको जीविकोपार्जन तथा आवाज सशक्तिकरण (जस्तैः स्वास्थ्य, शिक्षा, रोजगारी, अधिकारको दावा गर्न सक्ने क्षमता, सम्पत्तिमाथिको नियन्त्रण) तथा<br>- विभेदजन्य नीतिहरू, मानसिकता तथा अभ्यासहरूमा परिवर्तन (जस्तैः यौनिक हिंसा न्यूनीकरण गर्न पुरुष तथा बालकसँग काम गर्ने, निर्णय—निर्माण मञ्चहरूमा महिलाहरूको प्रभावमा सुधार ल्याउन नीति तथा प्रक्रियाहरूको परिमार्जन गर्ने) |

## २.२ प्रदेश तह

| सान्दर्भिक जिम्मेवारी | लैङ्गिक उत्तरदायी बजेट सम्बन्धी उपायहरू |
|---|---|
| *आर्थिक मामिला तथा योजना मन्त्रालय* | |
| १. स्रोतहरूको अनुमान गर्ने, क्रियाकलापहरूको विस्तृत विवरण तथा तिनीहरूको प्राथमिकता सहित तीन वर्षको आम्दानी तथा | १. तयार गरिएको स्रोत अनुमान, मध्यमकालीन खर्च संरचना र क्रियाकलापहरूको विस्तृत विवरणले सेवा, स्रोत तथा अवसरहरूको पहुँचमा महिलाहरूले सामना गर्नुपरेका अवरोधहरूलाई सम्बोधन गर्ने कुरा सुनिश्चित गर्ने । |

| | |
|---|---|
| खर्चको प्रक्षेपण समावेश गरिएको मध्यमकालीन खर्च संरचना तयार गर्ने ।<br>२. विषयगत निकायहरूलाई मार्गदर्शन तथा सीमा उपलब्ध गराउने । | २. विषयगत निकायहरूलाई उपलब्ध गराइने मार्गदर्शन तथा बजेट सिलिङमा महिलालाई सशक्तिकरण गर्ने तथा विद्यमान लैङ्गिक तथा सामाजिक पहिचानमा आधारित विभेदहरूको रूपान्तरणका लागि आयोजना तथा कार्यक्रमहरूको विकास गर्ने सम्बन्धी मार्गदर्शन समावेश गर्ने । |
| *विषयगत निकायहरू* | |
| १. आर्थिक मामिला तथा योजना मन्त्रालयद्वारा उपलब्ध गराइएको मार्गदर्शन तथा सीमाका आधारमा बजेट तयार गर्ने ।<br>२. राजस्वको प्रक्षेपण तयार गर्ने । | १. महिला सशक्तिकरण तथा लैङ्गिक समानताका पक्षहरू राजस्व प्रक्षेपणमा एकीकृत भएको र आर्थिक मामिला तथा योजना मन्त्रालयबाट उपलब्ध गराइएको मार्गदर्शन तथा सीमाका आधारमा बजेट तयार गरिएको सुनिश्चित गर्ने ।<br>२. महिला सशक्तिकरण तथा लैङ्गिक समानतालाई नकारात्मक असर नपार्ने खालका राजस्व अभिवृद्धिका विधिहरूमा आधारित भई राजस्व प्रक्षेपण गरिएको सुनिश्चित गर्ने । |
| *विषयगत मन्त्रालयहरू* | |
| १. मन्त्रालय वा अन्तर्गतका निकायहरूबाट कार्यान्वयन हुने कार्यक्रमहरू स्वीकृत गर्ने जसलाई पछि आर्थिक मामिला तथा योजना मन्त्रालयले खर्च गर्ने अधिकार प्रदान गर्दछ । | १. मन्त्रालय वा मातहतका निकायहरूबाट कार्यान्वयन गरिने कार्यक्रमहरूमा महिला सशक्तिकरण तथा लैङ्गिक समानताका सवालहरू निर्दिष्ट रूपमा समावेश भएको र सोही अनुरूप अन्य निकायहरू (महालेखा नियन्त्रकको कार्यालय, आर्थिक मामिला तथा योजना मन्त्रालय, प्रदेश लेखा नियन्त्रक कार्यालय र सम्बन्धित प्रदेश वित्तीय एकाइ कार्यालय) मा जानकारी गराइएको कुरा सुनिश्चित गर्ने । |

| प्रदेशस्तरीय सरकारी लेखा प्रणाली | |
|---|---|
| १. आम्दानी, खर्च, सम्पत्ति तथा दायित्व सहित सम्पूर्ण वित्तीय कारोवारहरूको अभिलेख राख्ने ।<br>२. प्रदेश विषयगत मन्त्रालय बजेट सूचना प्रणालीमा प्रविष्ट गर्ने । | १. आम्दानी, खर्च, सम्पत्ति तथा दायित्व लगायत सबै वित्तीय कारोवारहरूको विवरणहरू पहिल्याउन र लैङ्गिक विषयवस्तु सहितको बृहत् तथ्याङ्कीय प्रतिवेदन प्राप्त गर्न अभिलेख व्यवस्थित तरिकाले राखिएको सुनिश्चित गर्ने ।<br>२. प्रदेश विषयगत मन्त्रालय बजेट सूचना प्रणालीः लैङ्गिक उत्तरदायी बजेट निर्देशिका अनुरूप लैङ्गिक उत्तरदायी बजेट सङ्केत (कोडिङ) प्रविष्ट गर्ने । |

## २.३ नेपाल सरकारको जिम्मेवारी

| **अर्थ मन्त्रालय** |
|---|
| लैङ्गिक उत्तरदायी बजेट समितिः लैङ्गिक उत्तरदायी बजेटलाई एकीकृत बजेट तर्जुमा दिग्दर्शनमा समावेश गरेर प्रदेश र स्थानीय तहमा पठाउने र सोको पालनाका लागि अनुरोध गर्ने । |
| प्रदेश तथा स्थानीय तहहरूलाई उपलब्ध गराइने अनुदानका लागिः प्रदेश तथा स्थानीय तहहरूलाई चार प्रकारका अनुदान[३] उपलब्ध गराउँदा लक्षित गरिएका वा नगरिएका दुवै खालका आयोजनाहरूमा हिंसा न्यूनीकरण, महिला सशक्तिकरण तथा लैङ्गिक समानतालाई सम्बोधन गर्न अनुरोध गर्ने । अनुदान रकमको कम्तिमा निश्चित प्रतिशत महिला सशक्तिकरण तथा लैङ्गिक समानताका प्रयासहरूमा खर्च भएको सुनिश्चित गर्ने प्रावधान समावेश गर्न अनुरोध गर्ने । |
| केन्द्रीय सरकारी लेखा प्रणालीः आम्दानी, खर्च, सम्पत्ति तथा दायित्व लगायत सबै वित्तीय कारोवारहरूको विवरणहरू पहिल्याउन र लैङ्गिक विषयवस्तु सहितको बृहत् तथ्याङ्कीय प्रतिवेदन प्राप्त गर्न अभिलेख व्यवस्थित तरिकाले राखिएको सुनिश्चित गर्ने । |
| विषयगत मन्त्रालय बजेट सूचना प्रणालीः लैङ्गिक उत्तरदायी बजेट निर्देशिका अनुरूप प्रदेश तथा स्थानीय तहहरूलाई लैङ्गिक उत्तरदायी बजेट सङ्केत (कोडिङ) प्रविष्ट गर्न अनुरोध गर्ने । |

[३] अन्तर–सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को परिच्छेद–४ मा उल्लेख भए अनुसारका अनुदानहरुः (क) वित्तीय समानीकरण अनुदान (दफा ८), ९ख) सशर्त अनुदान (दफा ९), ९ग) समपूरक अनुदान (दफा १०)–पूर्वाधार विकास सम्बन्धी कुनै योजना कार्यान्वयन गर्न (ग) विशेष अनुदान (दफा ११)–शिक्षा, स्वास्थ्य खानेपानी जस्ता आधारभूत सेवाको विकास र आपूर्ति गर्ने, अन्तर प्रदेश वा अन्तर स्थानीय तहको सन्तुलित विकास गर्ने र आर्थिक, सामाजिक वा अन्य कुनै प्रकारले विभेदमा परेको वर्ग वा समुदायको उत्थान वा विकास गर्ने योजनाका लागि ।

| |
|---|
| स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली[४]: स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली टोलीलाई आयोजनाहरूको लैङ्गिक उत्तरदायी बजेट सङ्केत (कोडिङ) अनुरूप तथ्याङ्क प्रविष्ट गर्न र विनियोजन तथा खर्च पहिल्याउन निर्देशन दिने । |

## २.४ प्रदेश संयोजक, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको जिम्मेवारी

| **प्रदेश संयोजक, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय** |
|---|
| १.प्रदेश तथा स्थानीय तहका लागि लैङ्गिक उत्तरदायी बजेट निर्देशिका सातै प्रदेशमा जारी गर्ने । <br> २.निर्देशिकाका प्रावधानहरू पालना गर्न सबै प्रदेशलाई निर्देशन दिने र समन्वय गर्ने । |

## २.५ राष्ट्रिय योजना आयोग

| **राष्ट्रिय योजना आयोग** |
|---|
| प्रदेश तथा स्थानीय तहलाई उपलब्ध गराइने विशेष तथा समपूरक अनुदान मार्फत् सञ्चालित आयोजनामा आर्थिक, सामाजिक तथा भौगोलिक विभेदमा परेका वर्ग वा समुदायको उत्थान तथा विकास गर्ने विषय समावेश गर्ने । <br> विशेष अनुदानबाट कार्यान्वयन गरिएका आयोजनाहरूको लैङ्गिक उत्तरदायी बजेट सङ्केत (कोडिङ) व्यवस्थापन गर्न स्थानीय तहसँग समन्वय गर्ने । <br> बजेट तथा योजना तर्जुमा दिग्दर्शन अनुसार प्रदेश तथा स्थानीय तहका लागि लैङ्गिक उत्तरदायी बजेट निर्देशिका समावेश गर्न समन्वय गर्ने । <br> दीगो विकास लक्ष्यको प्रादेशीकरण र स्थानीयकरण गर्ने कार्यमा लैङ्गिक उत्तरदायी बजेटमा आधारित सूचकहरु प्राप्ति हुने गरी समन्वय गर्ने । मूलतः लक्ष्य नं. १, ५, १० र १६ लाई योगदान गर्ने कुरा सुनिश्चित गर्ने । <br> प्रदेश तथा स्थानीय तहलाई मध्यमकालीन खर्च संरचना तयार गर्दा प्रत्येक वर्ष चक्रीय योजना (रोलिङ् प्लान) को रूपमा लैङ्गिक उत्तरदायी बजेट विनियोजनमा प्राथमिकीकरण गर्न समन्वय गर्ने। |

[४] स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) सार्वजनिक खर्च तथा वित्तीय जवाफदेहिता (पेफा) सचिवालयको नेतृत्वमा अर्थ मन्त्रालयद्वारा विकास गरिएको योजना तर्जुमा, बजेट तथा लेखा प्रणाली हो । यो महालेखा परीक्षकबाट मिति २०७४।०७।०१ मा स्वीकृत "एकीकृत आर्थिक सङ्केत तथा वर्गीकरण र व्याख्या, २०७४" र महालेखा परीक्षकको कार्यालयबाट जारी सम्बन्धित लेखा तथा प्रतिवेदन ढाँचाचाहरुमा आधारित प्रदेश तथा स्थानीय तहको संरचित वित्तीय व्यवस्था कार्यविधिको सहजीकरण तथा कार्यान्वयनका लागि विकसित गरिएको वेवमा आधारित प्रणाली हो ।

# ३. वार्षिक योजना तथा बजेट तर्जुमा प्रक्रियाः

## ३.१ योजना तर्जुमामा लैङ्गिक विषयवस्तुको एकीकरण

| **प्रदेश योजना आयोग/प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालय/स्थानीय तहको कार्यपालिकाको जिम्मेवारी** |
| --- |
| १. संविधान तथा दिगो विकास लक्ष्यमा लैङ्गिक विषयवस्तुप्रति गरिएको प्रतिबद्धता र मध्यमकालीन खर्च संरचनामा समावेश गरिएका कार्यक्रमहरूलाई ध्यानमा राखेर योजना तर्जुमा गर्न योजना अधिकृतहरूलाई निर्देशन दिने । <br>२. योजना अधिकृतहरूलाई विभिन्न पृष्ठभूमि भएका महिलाहरूको जीविकोपार्जन तथा आवाज/सामाजिक सशक्तिकरण तथा संरचनात्मक (structural) विभेदलाई न्यून गर्ने प्रकृतिका कार्यक्रम/आयोजनाहरूको विकास गर्न निर्देशन दिने । जीविकोपार्जन सशक्तिकरणले स्वास्थ्य, शिक्षा, आम्दानी गर्ने क्षमता र सीपहरूलाई सम्बोधन गर्दछ । यसैगरी आवाज/सामाजिक सशक्तिकरणले अरूलाई जिम्मेवार बनाउन सक्ने क्षमताको सुदृढीकरणस आत्मविश्वास जगाउन सहयोगस र निर्णय लिन सक्ने र अधिकार दावी गर्न सक्ने क्षमताको विकास गर्दछ । संरचनात्मक विभेद न्यूनीकरणका लागि संस्थागत अवरोधहरू सिर्जना गर्ने औपचारिक तथा अनौपचारिक नीति तथा प्रणालीहरूलाई पनि सम्बोधन गरिनुपर्ने हुन्छ । <br>३. निर्दिष्ट लिङ्ग, जातजाति, अवस्थिति र पहिचानमा आधारित विभेदजन्य मूल्यमान्यता तथा अभ्यासहरूमा लक्षित गर्ने, घरायसी कार्यबोझको न्यूनीकरण गर्न चेतना अभिवृद्धि गर्ने उपायहरूको पहिचान गर्ने, बृहत् महिला सशक्तिकरण तथा लैङ्गिक समानताका लागि पुरुष तथा बालकसँग कार्य गर्ने, छुवाछुत, छाउपडी, बालविवाह र यस्तै अन्य परम्परागत हानिकारक अभ्यासहरूमा विश्वास गर्ने मानसकिता तथा मूल्यमान्यतामा परिवर्तन ल्याउने कार्यक्रम तर्जुमा गर्ने । <br>४. लैङ्गिक तथा जातीय सांस्कृतिक विविधता विशेष कार्यक्रमको प्रवर्द्धन गर्ने वा विशेष, संरक्षित र स्वायत्त क्षेत्रमा विकास कार्य गर्न विशेष कार्यक्रमहरूका लागि अतिरिक्त बजेट उपलब्ध गराउने। |

## ३.२ लैङ्गिक उत्तरदायी बजेटका प्रावधानहरू सहित प्रदेश तथा स्थानीय तहको योजना तर्जुमाका चरणहरूः

लैङ्गिक उत्तरदायी बजेटका प्रावधानहरू र सो कार्यान्वयनको उपायहरू तल दिइएको छ ।

विस्तृत चरणहरू, जिम्मेवार निकाय तथा लैङ्गिक उत्तरदायी बजेटका प्रावधानहरूका लागि अनुसूची—१ हेर्नुहोस्।

| लैङ्गिक उत्तरदायी बजेटका प्रावधानहरू | कार्यान्वयनको उपायहरू |
|---|---|
| **प्रदेश तहः चरण १ - आयव्ययको प्रक्षेपण गरिएको तथ्याङ्क सहितको विवरण नेपाल सरकारमा पेश गर्ने**<br>**स्थानीय तहः चरण १ - आयव्ययको प्रक्षेपण गरिएको तथ्याङ्क सहितको विवरण नेपाल सरकारमा पेश गर्ने** | |
| वस्तुस्थिति विवरण (स्थितिपत्र) तथा आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना तयार गर्नका लागि खण्डीकृत तथ्याङ्क, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण विश्लेषण र विभिन्न सामाजिक पृष्ठभूमिका महिलाहरू (विभिन्न जातजातिगत समूहहरू, अपाङ्गता भएका महिलाहरू, ट्रान्स तथा लेस्वीयन महिलाहरू सहित) को वास्तविक स्थिति सम्बन्धी तथ्यहरूको प्रयोग गर्ने । | प्रदेश तथा स्थानीय तहको पाश्र्वचित्रबाट खण्डीकृत विवरणहरू प्राप्त गर्ने सम्भव भएको समयमा अतिरिक्त तथ्याङ्क तथा सूचना सङ्कलन गर्ने । (खण्डीकृत सूचना तथा तथ्याङ्क सङ्कलन फारमका लागि अनुसूची—२ हेर्नुहोस्) |
| **प्रदेश तहः चरण २ सङ्घबाट प्रदेशलाई वित्तीय हस्तान्तरणको सीमा र मार्गदर्शन प्राप्ति**<br>**स्थानीय तहः चरण ३ सङ्घ र प्रदेशबाट वित्तीय हस्तान्तरणको सीमा र मार्गदर्शन प्राप्ति** | |
| स्थानीय तहहरूका लागि उपलब्ध गराइने बजेट सीमामा महिला तथा वञ्चितीमा परेकाहरूको जीविकोपार्जन तथा आवाज सशक्तिकरण अभिवृद्धि तथा विद्यमान विभेदजन्य नीति/नियमहरू, मानसिकता, सामाजिक तथा लैङ्गिक मूल्यमान्यता तथा अभ्यासहरूमा परिवर्तनका लागि अत्यावश्यक कार्यलाई समेट्ने गरी पर्याप्त बजेट समावेश गर्ने । | बजेट सीमाले देहायका क्रियाकलापहरू समेट्नु पर्दछः<br>(क) महिला तथा बालिकाहरूप्रति शिक्षा, स्वास्थ्य तथा आम्दानीमा सुधार ल्याउने प्रकृतिका,<br>(ख) खण्डीकृत तथ्याङ्क तथा सूचना सङ्कलन र<br>(ग) विभेदजन्य हानिकारक अभ्यासहरूको न्यूनीकरण, लैङ्गिक समानतामा सुधार, |

| **लैङ्गिक उत्तरदायी बजेटका प्रावधानहरू** | **कार्यान्वयनको उपायहरू** |
|---|---|
| | लैङ्गिक हिंसा न्यूनीकरणका लागि पुरुष तथा बालकसित काम गर्ने । |
| **स्थानीय तहः चरण ३ विषयगत क्षेत्र छुट्याउने** | |
| विभिन्न विषयगत क्षेत्रमा महिला, गरिव, वञ्चितीमा परेकाहरू तथा जोखिममा रहेकाहरूको बाधा व्यवधान, आवश्यकता तथा प्राथमिकताहरू तथा आम्दानी—खर्चको प्रक्षेपणमा समावेश गर्न सकिने सम्भावित उपायहरूको पहिचान गर्ने । | विभिन्न विषयगत क्षेत्रका महिलाका सवालहरू तथा स्रोतको पहुँचमा उनीहरूको अवरोधहरूबारे तथ्याङ्क सङ्कलन गर्ने, विषयगत क्षेत्रका लाभहरूको पहुँचमा सुधार ल्याएका क्रियाकलापहरूको पहिचान गर्ने । |
| **प्रदेश तहः चरण ३ आगामी आर्थिक वर्षको बजेट सीमा मन्त्रालय/निकायलाई पठाउने**<br>**स्थानीय तहः चरण ४ स्रोत अनुमान तथा बजेट सीमा निर्धारणः**<br>**– स्थानीय राजस्व परामर्श समितिले सम्बन्धित स्थानीय तहको कार्यपालिकामा राजस्व प्रक्षेपण गरी पेश गर्ने**<br>**– स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले स्थानीय तहको स्रोत अनुमान तथा बजेट सीमा निर्धारण सम्पन्न गर्ने** | |
| राजस्वका स्रोतहरू तथा यसको प्रक्षेपणको लैङ्गिक समानता तथा महिला सशक्तिकरणमा पर्ने प्रभावको विश्लेषण गर्ने, खण्डीकृत तथ्यहरूमा आधारित भई र विभेदजन्य नीतिहरू तथा सामाजिक अभ्यासहरूमा परिर्वतन सहित लैङ्गिक समानता तथा महिला सशक्तिकरणका प्राथमिकताहरूलाई सम्बोधन गर्ने गरी सीमा निर्धारण गर्ने । | विभिन्न कर, जरिवाना, शुल्कहरूले महिला तथा पुरुषलाई कसरी प्रभाव पार्दछ भन्ने विषयको पहिचान गर्ने, यदि महिला सशक्तिकरण तथा लैङ्गिक समानतामा नकारात्मक प्रभाव परेको छ भने परिमार्जन गर्ने ।<br><br>लैङ्गिक मूल्याङ्कनका आधारमा आम्दानीका स्रोतहरूको अनुमान गर्ने तथा बजेट सीमा निर्धारण गर्ने । |

<table>
<tr><th>लैङ्गिक उत्तरदायी बजेटका प्रावधानहरू</th><th>कार्यान्वयनको उपायहरू</th></tr>
<tr><td colspan="2">प्रदेश तहः चरण ४ आगामी आर्थिक वर्षको बजेट सीमा मन्त्रालय/निकायलाई पठाउने<br>स्थानीय तहः चरण ५ आगामी आर्थिक वर्षको बजेट सीमा गाउँपालिका/नगरपालिकाका विषयगत महाशाखा, शाखा तथा वडा समितिलाई पठाउने</td></tr>
<tr><td>नेपालका मानव अधिकार सम्बन्धी प्रतिबद्धताहरू र प्रदेश तथा स्थानीय तहमा महिला, गरिव, वञ्चितीमा परेका र जोखिममा रहेकाहरूको आवश्यकता तथा प्राथमिकताहरूलाई ध्यानमा राख्दै आम्दानीको अनुमान तथा बजेट सीमा निर्धारण गर्ने ।<br>बजेट सीमा निर्धारण गर्दा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन (परिमार्जित) २०७४ मा उल्लेख गरिएको देहायबमोजिमको प्रावधानको पालना गर्नेः "स्थानीय तहको विद्यमान सामाजिक तथा साँस्कृतिक विविधतालाई आधारको रूपमा लिनुपर्दछ र यस्ता विषयगत क्षेत्रहरूको सशक्तिकरणका लागि आवश्यक बजेट समेत बजेट सीमामा निश्चित गरिनुपर्दछ ।"</td><td>महिला सशक्तिकरण तथा लैङ्गिक समानताका लागि कस्ता क्रियाकलापहरू आवश्यक हुन्छन् सोको पहिचान गर्ने ।<br>यस्ता क्रियाकलापहरूको खर्च अनुमान गर्ने।<br>त्यस्ता खर्चहरू समावेश गरिसकेपछि आम्दानीको प्रक्षेपण तथा बजेट सिलिङ निर्धारण गर्ने ।</td></tr>
<tr><td colspan="2">स्थानीय तहः चरण ६ वडास्तरीय योजना तर्जुमा र प्राथमिकता निर्धारण</td></tr>
<tr><td>विभिन्न सामाजिक समूहका महिला तथा पुरुषको सहभागिता सुनिश्चित गर्ने । प्रत्येक विषयगत क्षेत्र (आर्थिक, सामाजिक, भौतिक पूर्वाधार, शासन) अन्तर्गत योजनाहरूको पहिचान गर्नुपर्ने आवश्यकताका बारेमा अभिमुखीकरण गर्ने जसले देहायका कार्यहरू गर्दछः (क) महिलाहरूको जीविकोपार्जन तथा आवाज सशक्तिकरणमा सहयोग गर्दछ, (ख) मानसिकता तथा मूल्यमान्यतामा परिर्वतन ल्याउन पुरुष तथा परिवारको संरक्षकसँग कार्य गरेर लैङ्गिक समानतालाई सघाउ पुर्याउँछ । उचित योजनाहरूको छनोटलाई सहजीकरण गर्न विभिन्न</td><td>बैठकको मितिका बारेमा विभिन्न सामाजिक समूहका महिलाहरूलाई जानकारी गराउने उनीहरूलाई बैठकमा सहभागी गराउन उत्प्रेरित गराउन तथा कार्यसूचीबारे जानकारी गराउन सामाजिक परिचालकलाई पठाउने सहभागीहरूलाई छलफलको लागि तयार गराउने ।<br>महिला तथा विभिन्न जात जाती अनुसारका समूहहरूको खण्डीकृत तथ्याङ्क तथा विभिन्न वस्तीहरूको अवस्था बारेको प्रस्तुति गर्ने</td></tr>
</table>

<table>
<tr><th>लैङ्गिक उत्तरदायी बजेटका प्रावधानहरू</th><th>कार्यान्वयनको उपायहरू</th></tr>
<tr><td>सामाजिक स्थिति भएका महिला र पुरुषको अवस्था सम्बन्धी तथ्याङ्क र तथ्य उपलब्ध गराउने कार्य ।<br><br>हाल उपलब्ध तथ्यमा आधारित भई प्रत्येक विषयगत क्षेत्र (आर्थिक, सामाजिक, भौतिक पूर्वाधार, शासकीय) मा महिला सशक्तिकरण तथा लैङ्गिक समानताका लागि सशक्तिकरण तथा विभेदजन्य नीति एवम् अभ्यास दुवैमा परिवर्तनका लागि योजनाको प्राथमिकता निर्धारण गर्ने ।</td><td>मुख्य आयोजना पहिचान गर्न अयोजनामा गरिने छलफललाई सहजीकरण गर्ने ।<br><br>महिलाको जीविकोपार्जनमा सघाउ पुऱ्याउने, निर्णय लिन सक्ने क्षमतामा सुधार ल्याउने र विभेदजन्य अभ्यासमा परिवर्तन तथा लैङ्गिक हिंसा न्यूनीकरण गर्ने प्रकृतिका आयोजनाको प्राथमिकीकरण गर्न छलफललाई सहजीकरण गर्ने ।</td></tr>
<tr><td colspan="2">प्रदेश तहः चरण ५ विषयगत मन्त्रालय/निकायले बजेट तथा कार्यक्रम पेश गर्ने । चरण ६ बजेट तथा कार्यक्रम छलफल समाप्त गरी अन्तिम रूप दिनेः<br><br>स्थानीय तहः चरण ७ एकीकृत बजेट तथा कार्यक्रम तर्जुमाः</td></tr>
<tr><td rowspan="2">महिलाको जीविकोपार्जन तथा आवाज सशक्तिकरणलाई सम्बोधन गर्न र लैङ्गिक तथा सामाजिक विषयमा आधारित विभेदजन्य अभ्यासमा परिवर्तन ल्याउन विषयगत क्षेत्रको अवस्थाको मूल्याङ्कनमा आधारित क्रियाकलापका लागि बजेट विनियोजन गर्ने।</td><td>महिलाको विषयगत क्षेत्रका स्रोत तथा लाभको पहुँचमा अवरोध न्यूनीकरण गर्ने क्रियाकलापको पहिचान गर्ने ।<br><br>विषयगत क्षेत्रसँग सान्दर्भिक महिलाको स्वास्थ्य, शिक्षा, आम्दानी गर्ने क्षमतामा सुधार ल्याउने, निर्णय लिने क्षमतामा सुधार ल्याउने र विभेदजन्य अभ्यासमा परिवर्तन ल्याउने खालका क्रियाकलापका लागि अवश्यक खर्चको अनुमान गर्ने ।</td></tr>
<tr><td>पहिचान गरिएका आयोजना अन्तिम सूचीमा समावेश गर्ने कुरालाई सघाउ पुऱ्याउन आवश्यक तर्कको पहिचान गर्ने ।<br><br>पहिचान भएका आयोजनाहरू कायम राख्न स्थानीय राजनीतिक नेतृत्वसँग छलफल गरी कार्यक्रमको उपलब्धी एंव औचित्यको बारेमा आश्वस्त पार्ने ।</td></tr>
</table>

| लैङ्गिक उत्तरदायी बजेटका प्रावधानहरू | कार्यान्वयनको उपायहरू |
|---|---|
| **प्रदेश तहः चरण ७ आयोगबाट वार्षिक कार्यक्रम स्वीकृति**<br>**स्थानीय तहः चरण ८ कार्यपालिकाबाट स्वीकृति** | |
| स्वीकृत योजनाले महिलाको जीविकोपार्जन तथा आवाज सशक्तिकरण एवम् नीतिमा परिवर्तन तथा विभेदजन्य अभ्यासको रूपान्तरणलाई समेटेको बिषयलाई सुनिश्चित गर्ने । उपयुक्त विषय केवल लक्षित योजनाहरूमा मात्र नभई आर्थिक, भौतिक पूर्वाधार तथा शासकीय व्यवस्था लगायतका क्षेत्रमा समेत समावेश भएको हुनुपर्दछ । | आयोजना सूचीको समीक्षा गरी महिला सशक्तिकरण तथा लैङ्गिक समानताका लागि आवश्यक आयोजना भनी पहिचान गर्ने ।<br>पहिचान भएका आयोजना स्वीकृत गर्न निर्णयकर्तालाई उत्प्रेरित गर्ने । |
| **प्रदेश तहः चरण ८ प्रदेश सभामा बजेट पेश गर्ने**<br>**स्थानीय तहः चरण ९ सभामा पेश गर्ने** | |
| बजेट तथा कार्यक्रम महिला, गरिव तथा वञ्चितीमा परेका तथा जोखिममा रहेका व्यक्तिले समेत बुझ्न सक्ने ढङ्गबाट उपभोक्तामैत्री तवरले प्रस्तुत गर्ने ।<br>लक्षित वर्ग सहभागी भएको तथा सभाबाट स्वीकृति हुनु अघि आफ्ना आवश्यकता तथा चासोहरूको आवाज उठाउन सक्ने व्यवस्था सुनिश्चित गर्ने । | बजेटका मुख्य बुँदाहरू तयार गर्ने ।<br>गरिव, वञ्चितीमा परेका तथा जोखिममा रहेका महिलाहरूलाई सानो समूहमा जम्मा गराउने र स्वीकृत आयोजना तथा बजेटका बारेमा स्थानीय भाषामा जानकारी गराउने ।<br>छलफलमा लक्षित वर्ग सहभागी गराई सहजीकरण गर्ने र सभामा समूहका तर्फबाट आफ्ना कुराहरु व्यक्त गर्न एक व्यक्तिको पहिचान गर्ने । |
| **प्रदेश तहः चरण ९ प्रदेश सभाबाट बजेट स्वीकृति**<br>**स्थानीय तहः चरण १० बजेट तथा कार्यक्रम सम्बन्धित सभाबाट स्वीकृति** | |
| पहिचान भएका कार्यक्रम स्वीकृत गर्न महिला (विभिन्न सामाजिक पृष्ठभूमि सहित) का प्राथमिकताको सम्बोधन गर्न क्रियाकलापको आवश्यकता तथा तथ्यहरू प्रस्तुत गर्ने । | कुनै चासो भए सभामा पेश गर्ने, छलफल गर्ने र समाधान गर्ने ।<br>पहिचान भएका आयोजना सभाद्वारा स्वीकृत बजेट तथा कार्यक्रममा समावेश भएको सुनिश्चित गर्ने । |

| लैङ्गिक उत्तरदायी बजेटका प्रावधानहरू | कार्यान्वयनको उपायहरू |
| --- | --- |
| **प्रदेश तहः चरण १० बजेट तथा कार्यक्रम सर्वसाधारणको लागि प्रकाशन**<br>**स्थानीय तहः चरण ११ बजेट तथा कार्यक्रम सर्वसाधारणको लागि प्रकाशन** | |
| महिला तथा सीमान्तीकृत लगायत सबै नागरिकलाई तय गरिएका कार्यक्रमहरूका बारेमा जानकारी गराउन वार्षिक योजना तथा बजेटको अन्तिम रूप सबै नागरिकलाई वितरण गर्ने । | बजेट स्थानीय मुख्य भाषामा प्रकाशन गर्ने।<br>स्थानीय एफ्एम्, समूहहरू तथा सहकारीको बैठक तथा अन्य सान्दर्भिक अवसरमा महिला तथा अन्यलाई आयोजनाका बारेमा जानकारी गराउने । |

*स्रोतः प्रदेश तहको योजना तर्जुमाका चरणहरूका लागि* npc.gov.np/images/category/pradesh1.pdf र स्थानीय तहको योजना तर्जुमाका चरणहरूका लागि https://npc.gov.np/images/category/local_final1.pdf

## ३.३ लैङ्गिक उत्तरदायी बजेट तथा राजस्व अभिवृद्धि

| **प्रदेश तथा स्थानीय तहहरू** |
| --- |
| १. प्रदेश तथा स्थानीय तहले सङ्कलन गर्ने करहरू (जस्तैः सम्पत्ति कर, घर वहाल कर, मालपोत, व्यवसाय कर, सवारी कर, मनोरञ्जन कर, विज्ञापन कर) तथा अन्य शुल्कहरू (घरजग्गा दर्ता शुल्क, सेवा शुल्क, रोयल्टी, पर्यटन शुल्क, दण्ड तथा जरिवाना) को कारणले महिला तथा पुरुषमा पर्ने प्रभावको मूल्याङ्कन गर्ने । <br>२. करले न्यायको प्रवर्द्धन तथा असमानताको न्यूनीकरण गर्ने खालका सकारात्मक सहयोग पहिचान गर्ने, उदाहरणको लागि, महिलाको नाममा हुने जग्गामा कर तथा लेवीमा भएको छुटले महिलाको भूस्वामित्वलाई प्रवर्द्धन गरेको छ । यसैगरी विभिन्न कर तथा उपभोक्ता शुल्कको निहित वा स्पष्ट पूर्वाग्रहको मूल्याङ्कन गरिनु महत्वपूर्ण हुन्छ । उदाहरणको लागि, महिलाले संचालन गरेका साना उद्योग वा व्यवसाय, वा महिलाको स्वामित्व भएको वा महिला कर्मचारी सक्रिय रहेको (जस्तैः खाद्य तथा हस्तकलाका व्यापार) मा कर सहुलियतको विषय समावेश गर्ने । <br>३. प्रदेश तथा स्थानीय तहले प्रत्यक्ष कर (जस्तैः व्यक्तिगत आयकर, व्यवसायिक (कर्पोरेट) कर, र सम्पत्तिमा कर) तथा अप्रत्यक्ष कर (जस्तैः मूल्य अभिवृद्धि कर तथा अन्तः शुल्क) को महिला सशक्तिकरण तथा लैङ्गिक समानतामा पर्ने प्रभावका बारेमा सङ्घीय सरकारलाई जानकारी गराउनुपर्दछ । <br>४. कर लगाउँदा महिलालाई कम कर लगाउन प्राथमिकता दिने र निर्दिष्ट तथा उचित तवरले लक्षित विभिन्न राजस्वका उपायहरू अपनाउने । उदाहरणको लागि, महिलाको स्वामित्व वा महिला सहित संयुक्त स्वामित्वका घरजग्गा वा सम्पत्तिहरूमा करको दर तथा दर्ता शुल्क घटाउने महिलाको लगानीमा निर्माण भएको वा महिलाले निर्देशित गरेको चलचित्रमा कर छुट दिने र चलचित्र हेर्दा टिकटमा लाग्ने मनोरञ्जन करमा महिलालाई छुट दिने विषयलाई प्राथमिकतामा राख्ने । |

प्रदेश तथा स्थानीय तहहरूले देहायका कार्यहरू गर्नुपर्ने हुन्छ ।

- महिला तथा पुरुषलाई फरक प्रकारले प्रभाव पार्ने राजस्व अभिवृद्धि नीतिका तथ्याङ्क खण्डीकरण गर्ने ।
- राजस्वको स्रोत एंव यसको लैङ्गिक प्रभावलाई बुझ्न कसले कर तिर्छ र कर भुक्तानीको बोझ कसरी बाँडफाँड भइरहेको छ भन्ने कुरा पहिचान गर्ने ।

- यस्ता नीतिबाट कस्तो प्रकारका लैङ्गिक तथा शक्ति सम्बन्ध प्रवर्द्धन भइरहेको छ भन्ने विषय पहिचान गर्ने ।
- महिला र पुरुषबीच भुक्तानी हुने र नहुने ज्यालाहरूको समानरूपले वहन गर्ने कार्यलाई प्रवर्द्धन गर्न तथा असमान लैङ्गिक भूमिकालाई निरन्तरता दिने कार्यलाई रोक्ने ।
- देहायका कार्यलाई प्रवर्द्धन गर्ने भएमा कर सहुलियतको व्यवस्था गर्नेः (क) महिलाको जीविकोपार्जन, (ख) महिलाको आवाज सशक्तिकरण, (ग) विद्यमान विभेदजन्य अभ्यास तथा मूल्यमान्यतामा परिमार्जन गर्ने कार्यमा योगदान गर्ने तथा लैङ्गिक समानताका संरचनागत अवरोधलाई न्यून गर्ने ।
- न्यून आय भएका स्वरोजगार महिलाको कर तथा लेभीको बोझ न्यून गर्ने ।
- आय तथा पूँजीमा तिर्न सक्ने क्षमतामा आधारित प्रगतिशील करलाई संस्थागत गर्ने ।
- न्यून आयका आम्दानीमा लगाइने करलाई सहुलियतपूर्ण बनाउने ।
- महिला उद्यमी तथा उच्च सङ्ख्यामा महिला भएका उद्यमलाई कर प्रोत्साहन उपलब्ध गराउने।

## ३.४ लैङ्गिक उत्तरदायी बजेटको वर्गीकरणः लैङ्गिक उत्तरदायी बजेटको लागि कोडिङ र अङ्क प्रदान

छनोट गरिएका प्रत्येक योजनाको क्रियाकलापहरू हुनुपर्छ । यसले योजनाको उद्देश्य हासिल गर्न सघाउ पुऱ्याउँछ । यी क्रियाकलापहरू योजनाको पूर्ण बजेटका लागि हुनेछन् । यसभित्र प्रदेश तथा स्थानीय तहले महिलालाई लक्षित गर्ने र लैङ्गिक समानतालाई प्रवर्द्धन गर्ने क्रियाकलापहरू तर्जुमा गरी समावेश गर्नुपर्ने हुन्छ । योजना तहमा महिला सशक्तिकरण तथा लैङ्गिक समानतासँग सम्बन्धित केही क्रियाकलापहरू अनुसूची—३ मा उल्लेख गरिएको छ।[५]

[५] क्रियाकलापहरूको सूची सुत्र तथा प्रदेश विषयगत मन्त्रालय बजेट सूचना प्रणालीमा हुनेछ । योजनाको विस्तृत विवरण तयार गर्ने कर्मचारीहरूले उक्त सूचीबाट आवश्यकताअनुसार छनोट गरी प्रविष्ट गर्न सक्नेछन्।


**प्रदेश तथा स्थानीय तहका योजना अधिकृत तथा लेखा अधिकृतहरू**

सरकारी व्यवस्था, योजना, कार्यक्रम र सेवालाई दुई तहमा लैङ्गिक उत्तरदायी सङ्केत (कोडिङ) दिइनेछः तह १—योजनाका क्रियाकलापको विकास र वर्गीकरण, र तह २—योजनाको लैङ्गिक उत्तरदायित्वको लागि सङ्केत (कोडिङ) ।

१. तह १—योजनाका क्रियाकलापलाई तीन तहमा वर्गीकरण गर्नेः (क) निर्दिष्टः महिला तथा बालिकाहरूप्रति निर्दिष्ट रूपले लक्षित क्रियाकलापहरू, उदाहरणको लागिः महिलाहरूका लागि सीप विकास तालिम, बालिकाहरूका लागि छात्रवृत्ति (ख) सहयोगीः महिला सशक्तिकरण तथा लैङ्गिक समानताप्रति उत्तरदायी तथा सोको लागि सहज वातावरणको श्रृजना गर्ने खालका क्रियाकलापहरू, उदाहरणको लागिः खण्डीकृत तथ्याङ्क सङ्कलन, लैङ्गिक समानताका लागि मूल्याङ्कन अध्ययन, सेवाप्रदायकहरूका लागि लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण तालिम, विभेदजन्य पितृसत्तात्मक मूल्य मान्यताहरूमा परिमार्जनका लागि पुरुष तथा बालकहरूसँग कार्य गर्ने र (ग) तटस्थः तटस्थ तथा महिला सशक्तिकरण तथा लैङ्गिक समानताका अवरोधहरूको पहिचान नगर्ने वा सम्बोधन नगर्ने क्रियाकलापहरू ।

२. तह २'लैङ्गिक उत्तरदायित्वको लागि सङ्केत (कोडिङ): निर्दिष्ट, सहयोगी तथा तटस्थमा वर्गीकृत गरिएका क्रियाकलापहरूका लागि विनियोजित बजेटको जम्मा निकाल्ने । यदि क्रियाकलापको बजेटको जम्मा योजनाको कूल बजेटको ६० प्रतिशत भन्दा माथि छ भने त्यस्तो योजनालाई सङ्केत (कोड) १ (निर्दिष्ट) दिइन्छ, यदि क्रियाकलापको बजेटको जम्मा योजनाको कूल बजेटको १० देखि ५९ प्रतिशत छ भने त्यस्तो योजनालाई सङ्केत (कोड २) (सहयोगी) दिइन्छ र यदि क्रियाकलापको बजेटको जम्मा योजनाको कूल बजेटको ९ प्रतिशत वा त्योभन्दा कम छ भने त्यस्तो योजनालाई सङ्केत (कोड) ३ (तटस्थ) दिनु पर्दछ। उदाहरणको लागि अनुसूची—४ हेर्नुहोस्।

**चित्रः लैङ्गिक उत्तरदायी बजेट वर्गीकरणः लैङ्गिक उत्तरदायी बजेटको सङ्केत (कोडिङ) तथा अङ्क प्रदान**




## ३.५ लेखा प्रणालीमा लैङ्गिक विषयवस्तु

### बजेट तर्जुमा

| स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली टोली, प्रदेश विषयगत मन्त्रालय बजेट सूचना प्रणाली टोली |
|---|
| १. स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली र प्रदेश विषयगत मन्त्रालय बजेट सूचना प्रणालीमा उपयुक्त सङ्केत (कोडिङ) सहित योजना तर्जुमा चरणका सबै क्रियाकलापको अभिलेख राख्ने । कार्यक्रम तथा क्रियाकलापका लागि सङ्केत (कोडिङ) अनिवार्य गर्ने । <br> २. उपलब्ध गराइएको बजेट सीमा तथा अनुदानः कार्यक्रम सङ्केत (कोडिङ) अनुसार स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली र प्रदेश विषयगत मन्त्रालय बजेट सूचना प्रणालीमा लैङ्गिक उत्तरदायी बजेट सङ्केत (कोडिङ) सहित सङ्घ तथा प्रदेश सरकारबाट प्राप्त अनुदानको अभिलेख राख्ने । |

### खर्चको अभिलेखीकरण

| स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली टोली, प्रदेश विषयगत मन्त्रालय बजेट सूचना प्रणाली टोली |
|---|
| १. स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली र प्रदेश विषयगत मन्त्रालय बजेट सूचना प्रणाली दुवैमा बजेट तर्जुमाका बखत प्रयोग गरिएको लैङ्गिक उत्तरदायी बजेट सङ्केत (कोडिङ) भएको क्रियाकलापहरूको खर्च शीर्षक नम्वर (लाइन आइटम) र बजेटको अभिलेख राख्ने । <br> २. प्रदेशस्तरीय सरकारी लेखा प्रणालीको हकमा, प्रदेश विषयगत मन्त्रालय बजेट सूचना प्रणालीमा लैङ्गिक उत्तरदायी बजेट सङ्केत (कोडिङ) लाई अनिवार्य गर्ने । |

**प्रतिवेदन**

| **प्रदेश तथा स्थानीय तह** |
|---|
| १. लैङ्गिक समानताका कार्यक्रमहरूको कार्यान्वयनको अवस्था सहित बजेट एंव सम्वद्ध नीतिहरूको कार्यान्वयनको प्रतिवेदन तयार गर्ने । |
| २. आवधिक अनुगमन तथा मूल्याङ्नका लागि कार्यपालिकाहरू तथा सङ्घ तथा प्रदेशका मन्त्रालय समक्ष प्रतिवेदन प्रस्तुत गर्ने । |
| ३. बजेट विनियोजन, सङ्केत (कोडिङ) तथा खर्चको वार्षिक समीक्षा तथा परीक्षण गर्ने । |

## ३.६ स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणालीमा प्रविष्टि

| **प्रदेश तथा स्थानीय तहका योजना अधिकृत तथा लेखा अधिकृतः** |
|---|
| १. बजेट विनियोजन तथा खर्च दुवैलाई पहिल्याउनका लागि लैङ्गिक सम्बन्धी प्रत्यक्ष, अप्रत्यक्ष तथा तटस्थ कार्यक्रम एवं क्रियाकलापहरूका लागि १, २ र ३ वर्ग सहितको रणनीतिक सङ्केत (कोडिङ) अन्तर्गत स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणालीमा सङ्केत (कोड) प्रदान गर्ने । |
| २. सबै कार्यक्रमको क्रियाकलापहरू प्रविष्ट गर्नेः यसमा महिला सशक्तिकरण तथा लैङगिक समानताका लागि प्रत्यक्ष सघाउ पुर्याउनेलाई सङ्केत (कोड) १, महिला सशक्तिकरण तथा लैङ्गिक समानता प्रवद्र्धन गर्नेलाई सङ्केत (कोड) २ र तटस्थ तथा सबैले लाभ पाउँछ भनी अनुमान गर्ने क्रियाकलापहरूलाई सङ्केत (कोड) ३ प्रदान गर्ने । स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणालीमा लैङ्गिक उत्तरदायी बजेट सङ्केत (कोडिङ) को स्क्रिनका लागि अनुसूची—५ हेर्नुहोस् । |
| ३. सङ्घीय तहमा स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली हेर्ने लेखा अधिकृतः प्रदेश तथा स्थानीय तहहरूले गरेका सबै सङ्केत (कोडिङ) हरूको अनुगमन गर्ने, मार्गदर्शन गर्ने र तथ्याङ्क प्रविष्टीको अनुगमन गर्ने । तीनै वर्गको बजेटको अनुगमन गर्ने र निर्णयकर्ताहरूलाई सूचित गर्न प्रणालीका माध्यमबाट तथ्याङ्क तथा सूचना उपलब्ध गराउने । |

## ३.७ विषयगत मन्त्रालय बजेट सूचना प्रणालीमा आवद्धता

| **सङ्घीय सरकारका विषयगत मन्त्रालय बजेट सूचना प्रणाली तथा प्रदेश विषयगत मन्त्रालय बजेट सूचना प्रणाली सञ्चालन गर्ने अधिकृतहरू** |
|---|
| १. लैङ्गिक उत्तरदायी बजेटका लागि उपयुक्त सङ्केत (कोडिङ) सहित सङ्घ तहमा विषयगत मन्त्रालय बजेट सूचना प्रणालीमा र प्रदेश तहमा प्रदेश विषयगत मन्त्रालय बजेट सूचना प्रणालीमा तथ्याङ्क प्रविष्ट गर्ने । |

## ३.८ महालेखा नियन्त्रक कार्यालयको वार्षिक प्रतिवेदनमा आवद्धता

| **महालेखा नियन्त्रक कार्यालय** |
| --- |
| १. वार्षिक वित्तीय प्रतिवेदनमा समावेश गर्नेः प्रदेश तथा स्थानीय तहको लैङ्गिक उत्तरदायी बजेट सङ्केत (कोडिङ) तथ्याङ्कलाई वार्षिक एकीकृत वित्तीय विवरण र महालेखा नियन्त्रक कार्यालयद्वारा प्रकाशित हुने वार्षिक प्रतिवेदनमा प्रतिविम्बित गर्ने । |
| २. प्रदेश तथा स्थानीय तहहरूले प्रदेश विषयगत मन्त्रालय बजेट सूचना प्रणाली र स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली दुवैमा प्रविष्ट गर्ने लैङ्गिक उत्तरदायी बजेट सङ्केत (कोडिङ) मा आधारित बजेट, कार्यान्वयन तथा प्रतिवेदन सम्बन्धी शुद्ध र भरपर्दो सूचना प्रयोग गर्ने । |

# ४. लैङ्गिक उत्तरदायी बजेटको अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन

| **प्रतिवेदन तथा अनुगमन समिति** |
|---|
| १. प्रदेश तथा स्थानीय तहहरूको नियमित प्रतिवेदन प्रक्रियामा बजेट विनियोजन तथा खर्चको स्तरमा गरिएका परिवर्तनका क्षेत्रमा गरिएको सम्बोधन र लैङ्गिक उत्तरदायी बजेट सङ्केत (कोडिङ) एकीकृत गर्ने । <br> २. प्रदेश तथा स्थानीय दुवै तहमा बजेट तर्जुमा प्रक्रियाका दौरान र बजेट तर्जुमाका विभिन्न चरणमा लैङ्गिक उत्तरदायी बजेटका प्रावधान सम्बोधन भइरहेको अनुगमन गर्ने । <br> ३. प्रतिवेदन तथा अनुगमन समितिमा लैङ्गिक उत्तरदायी बजेट विज्ञ र महिलाको प्रतिनिधित्व अनिवार्य रुपमा हुनुपर्ने। |
| प्रदेशको सामाजिक विकास मन्त्रालय, स्थानीय तहको सामाजिक विकास शाखा |
| लैङ्गिक उत्तरदायी बजेट कार्यान्वयनका सबल पक्षहरू र सुधार गर्नुपर्ने पक्षको पहिचान गर्ने र उपयुक्त बैठकहरूमा तत् सम्बन्धी सान्दर्भिक चासो व्यक्त गर्ने । |
| **स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली टोली** |
| योजना तथा बजेट तर्जुमाको निर्णय प्रक्रियालाई सूचित गर्न प्रदेश तथा स्थानीय तहमा वित्तीय सूचनाहरू राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग, अर्थ मन्त्रालय र महालेखा नियन्त्रक कार्यालयलाई उपलब्ध गराउने। |

# अनुसूचीहरू

## अनुसूची –१

## लैङ्गिक उत्तरदायी बजेटका उपायहरू सहित योजना तथा बजेट तर्जुमाका चरणहरू

| **चरण तथा गर्नुपर्ने कार्य** | **जिम्मेवारी** | **लैङ्गिक उत्तरदायी बजेटका प्रावधानहरू** |
|---|---|---|
| **चरण १ बजेटको पूर्वतयारी** | | |
| १. वस्तुस्थिति विवरण (स्थितिपत्र) अद्यावधिक गर्ने । | विषयगत समिति तथा महाशाखा/शाखा/ईकाई | खण्डीकृत तथ्याङ्क सङ्कलन गर्ने (अनुसूची–१ मा दिइएको सूचना सङ्कलन फारम हेर्नुहोस्) ।<br>महिलाका निर्दिष्ट सरोकार समूह (जस्तैः दलित, जनजाति, मधेशी महिला, अपाङ्ग महिला, गरिव आय समूह, दुर्गम क्षेत्रका महिलाहरू, एलजीबीटीआई) र पुरुषसँग लैङ्गिकसँग सम्बन्धित पहिचान गरिएका सवाल, प्राथमिकता र क्षमताको मूल्याङ्कनका लागि परामर्श गर्ने । |
| २. आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना तयार गर्ने । | विषयगत महाशाखा/शाखा, प्रमुख प्रशासकीय अधिकृत | खण्डीकृत तथ्याङ्क, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण विश्लेषण र प्रदेश तथा स्थानीय तहमा लैङ्गिक अवस्थाको वास्तविक तथ्य भएको सुनिश्चित गर्ने, मध्यमकालीन खर्च संरचना तयारीका लागि जानकारी गराउने । |
| ३. आगामी आर्थिक वर्षको राजस्व (आन्तरिक आय, राजस्व बाँडफाँट, रोयल्टी, वित्तीय हस्तान्तरण, आन्तरिक ऋण र अन्य आय) प्रक्षेपण गर्ने । | राजस्व परामर्श समिति र श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति | राजस्व अभिवृद्धिका उपायहरूबाट नकारात्मक लैङ्गिक प्रभाव नपर्ने वा गरिव सीमान्तीकृत समूहलाई असर नपर्ने तथा कर नीतिहरूले महिला सशक्तिकरण तथा लैङ्गिक समानतालाई प्रवर्द्धन गर्ने कुरा सुनिश्चित गर्दै राजस्वको यथार्थपरक अनुमानमा आधारित भई प्रक्षेपण गर्ने । |

| चरण तथा गर्नुपर्ने कार्य | जिम्मेवारी | लैङ्गिक उत्तरदायी बजेटका प्रावधानहरू |
|---|---|---|
| ४. आय व्ययको प्रक्षेपण गरिएको तथ्याङ्क सहितको विवरण सङ्घीय अर्थ मन्त्रालय र प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालय। | सम्बन्धीत कार्यपालिका | समुदायस्तरका महिला, पुरुष तथा अन्य सरकोरवालाहरूसँगको गहन छलफल तथा खण्डीकृत तथ्याङ्क, नेपालले गरेका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मानव अधिकार प्रतिबद्धता र दायित्वमा आधारित भई आय—व्यय अनुमान तयार गर्ने ।<br>आय—व्ययको अनुमानमा समावेश गर्न सकिने गरिव, वञ्चिती तथा जोखिममा रहेकाहरू सहित महिलाहरूको विभिन्न क्षेत्रमा व्यवधानहरू, आवश्यकताहरू र प्राथमिकताहरू तथा सम्भावित उपायको पहिचान गर्ने । |
| ५. विषयगत क्षेत्र विभाजन गर्ने र सदस्यलाई जिम्मेवारी दिने (हेरफेर गर्नु पर्ने भएमा हेरफेर समेत गर्ने) । | सम्बन्धीत कार्यपालिका | जिम्मेवारी दिदा महिला तथा पुरुष सदस्यहरू संयुक्त रूपमा काम गर्न सक्ने तथा छलफल तथा निर्णयहरूमा महिलाले प्रभाव पार्न सक्ने कुरा सुनिश्चित गर्ने । |

| चरण तथा गर्नुपर्ने कार्य | जिम्मेवारी | लैङ्गिक उत्तरदायी बजेटका प्रावधानहरू |
|---|---|---|
| **चरण २ स्रोत अनुमान तथा बजेट सीमा निर्धारण** | | |
| १. सङ्घ र प्रदेशबाट राजश्व बाँडफाँट, रोयल्टी तथा वित्तीय हस्तान्तरण समेत बजेटको सीमा र मार्गदर्शन प्राप्त गर्ने । | सम्बन्धीत कार्यपालिका | महिला तथा वञ्चितीमा परेकाको जीविकोर्पाजन तथा आवाज सशक्तिकरण तथा पुरुषत्व सम्बन्धी मूल्य मान्यतामा पुनरावलोकनका लागि पुरुष सहभागिता सहित विद्यमान विभेदजन्य नीतिः नियमहरू, मानसिकता, सामाजिक तथा लैङ्गिक मूल्यमान्यता तथा अभ्यासहरूमा परिवर्तन ल्याउनका लागि गर्नुपर्ने अत्यावश्यक कार्यहरूलाई बजेटको सीमाले समेटेको हुनुपर्दछ ।<br>सङ्घ तथा प्रदेशले बजेट सीमा निर्धारण गर्दा नेपालले महिला विरुद्ध हुने सबै प्रकारका विभेदहरू सम्बन्धी सम्मेलन (सिड), दिगो विकास लक्ष्य तथा अन्य अन्तर्राष्ट्रियस्तरमा गरेका प्रतिबद्धताहरूलाई मनन गर्नुपर्दछ र उपलब्ध स्रोतहरूबाट त्यस्ता सवालहरूलाई कसरी सम्बोधन गर्ने भन्ने बारे औजारहरू उपलब्ध गराउनुपर्दछ। जस्तैः लैङ्गिक समानता तथा महिला सशक्तिकरणमा केन्द्रीत विभिन्न किसिमका प्रयासहरूका लागि निश्चित प्रतिशत निर्धारण गर्ने । |
| २. गाउँ/नगरपालिकामा कार्यरत गैरसरकारी संस्था, उपभोक्ता समिति, सहकारी संस्था आदिसँग पूर्व बजेट छलफल गर्ने । | प्रमुख/अध्यक्ष | निर्दिष्ट सरोकार समूहहरूलाई छलफलमा बोलाइनुपर्दछ । परिवर्तनका तीन क्षेत्रहरू (जीविकोपार्जन, आवाज सशक्तिकरण तथा विभेदजन्य नीतिहरू तथा अभ्यासहरूमा परिवर्तन) लाई समेट्ने खालका कार्यक्रम योजना गर्न सुझाव उपलब्ध गराउन अनुरोध गर्ने । |

| चरण तथा गर्नुपर्ने कार्य | जिम्मेवारी | लैङ्गिक उत्तरदायी बजेटका प्रावधानहरू |
|---|---|---|
| ३. नीति तथा कार्यक्रम प्रस्ताव तयार गर्ने । | बजेट तथा योजना तर्जुमा समिति | नीति तथा कार्यक्रमले सशक्तिकरण तथा विभेदजन्य नीति तथा अभ्यासहरूको रूपान्तरण दुवैलाई समेटेको कुरा सुनिश्चित गर्ने । |
| ४. बजेट तथा कार्यक्रमको प्राथमिकता निर्धारणका आधार र विधि तयार गर्ने । | स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति | महिलाहरूलाई सशक्तिकरण गर्ने तथा विभेदजन्य नीतिहरू तथा अभ्यासहरूमा रूपान्तरणका लागि पुरुष तथा बालकहरूसँग काम गर्ने खालका कार्यक्रमहरूलाई प्राथमिकतामा राख्ने खालका आधारहरू समावेश गर्ने । |
| ५. कुल बजेट तथा विषयगत क्षेत्रको सीमा निर्धारण र बजेट तर्जुमा सम्बन्धी मार्गदर्शन तय गर्ने । | स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति | बजेट सीमा निर्धारण, विषयगत क्षेत्र तथा बजेट तर्जुमा मार्गदर्शन महिलाको हालको अवस्था, तिनीहरूका व्यवधानहरू र प्राथमिकताहरू तथा महिला र पुरुषबीचका विद्यमान लैङ्गिक सम्बन्ध बारे खण्डीकृत तथ्याङ्कमा आधारित हुनुपर्दछ । |
| ६. विषयगत महाशाखा/शाखा तथा वडा समितिलाई बजेट सीमा तथा मार्गदर्शन उपलब्ध गराउने । | प्रमुख प्रशासकीय अधिकृत | विद्यमान सामाजिक तथा सांस्कृतिक विविधता तथा विषयगत क्षेत्रमा महिलाको सशक्तिकरणका आवश्यकताहरू तथा मानसिकताहरूमा परिवर्तनका लागि पुरुष तथा बालकहरूसँग गर्नुपर्ने कार्यहरूमा आधारित भई बजेट सीमा निर्धारण गर्ने । |

| चरण तथा गर्नुपर्ने कार्य | जिम्मेवारी | लैङ्गिक उत्तरदायी बजेटका प्रावधानहरू |
|---|---|---|
| **चरण ३ वस्ती तहमा योजना छनौट** | | |
| १. वस्ती/टोल बैठकको कार्यतालिका तयारी र जिम्मेवारी बाँडफाँड गर्ने । | वडा समिति | वडा सदस्यहरूले वस्तीस्तरको परामर्शको योजना गर्न वञ्चित सामाजिक समूहहरूको बाक्लो उपस्थिति भएका वस्तीहरू समावेश भएको तथा महिलाहरूसँग छुट्टै बैठकहरू आयोजना गरिएको सुनिश्चित गरी खण्डीकृत तथ्याङ्क तथा तथ्यहरूको प्रयोग गर्नुपर्ने हुन्छ। महिला सदस्यहरू योजना तर्जुमा प्रक्रिया तथा जिम्मेवारी बाँडफाँडको एउटा हिस्साको रूपमा रहनुपर्दछ । |
| २. वस्ती/टोल बैठक आयोजना, आवश्यकता पहिचान, र आयोजना तथा कार्यक्रम छनौट गर्ने । | वडा समिति सदस्य, सामुदायिक र नागरिक समाज संस्था | समुदायका महिला तथा विभिन्न सामाजिक समूहका मानिसहरूलाई उचित तवरले जानकारी गराइएको तथा आफ्नो समुदायका लागि उपयोगी हुने, आफ्ना विकासका आवश्यकताहरू सम्बोधन हुने र आफ्ना प्राथमिकताका योजनाहरू सिफारिश गर्ने कार्यमा सहजीकरण गरिएको हुनुपर्दछ।<br>उनीहरूलाई महिला तथा उनीहरूमध्ये गरिब, वञ्चिति तथा जोखिममा रहेकाहरूको जीविकोपार्जन तथा आवाज सशक्तिकरण र विभेदजन्य सामाजिक तथा लैङ्गिक मूल्यमान्यता तथा मानसिकताहरूमा परिवर्तनका लागि कार्यक्रम तथा योजनाहरूको प्राथमिकीकरण गर्न परामर्श दिइनुपर्दछ। |
| ३. वस्ती/टोलस्तरबाट छनौट भएका आयोजना तथा कार्यक्रम वडा समितिमा पेश गर्ने । | वडा सदस्यहरू तथा वडा सचिव | वस्तीस्तरबाट अन्तिम छनोट भएका योजनाहरू बारे गलत अभ्यास नहोस् भनी सुनिश्चित गर्न तथा लैङ्गिक योजनाहरू भएको सुनिश्चित गर्न अन्तिम छनोटमा परी वडा समितिमा पठाइएका योजनाहरू सार्वजनिक गर्ने । |

| चरण तथा गर्नुपर्ने कार्य | जिम्मेवारी | लैङ्गिक उत्तरदायी बजेटका प्रावधानहरू |
|---|---|---|
| **चरण ४ वडास्तरमा प्राथमिकता निर्धारण तथा योजना छनौट** | | |
| १. वडाको बजेट सीमाभित्रका आयोजना तथा कार्यक्रमलाई विषयगत रुपमा प्राथमिकता निर्धारण गरी बजेट तथा कार्यक्रम तर्जुमा समितिमा पेश गर्ने । | वडा समिति | पेश गरिएको योजना तथा कार्यक्रमहरूमा स्थिति विश्लेषण गर्दा तथा विभिन्न दस्तावेजहरू, नगर पार्श्वचित्र, गुरुयोजना आदि तयार गर्दा सङ्कलन गरिएका खण्डीकृत तथ्याङ्क तथा तथ्यहरू समावेश गर्ने । |
| २. वडाको बजेट सीमाभित्र कार्यान्वयन हुन नसक्ने वडाको महत्वपूर्ण र अन्तर वडा आयोजना तथा कार्यक्रमको छुट्टै सूची कार्यपालिकामा पेश गर्ने । | वडा समिति | वडाहरूबीच साझा सवालहरू सम्बोधन होस् भनी लैङ्गिक असमानता तथा लैङ्गिक हिंसालाई सम्बोधन गर्ने योजनाहरू सूचीमा समावेश गर्ने । |
| ३. गैरसरकारी संस्था, समुदायमा आधारित र अन्य सङ्घ/संस्थाबाट सञ्चालन गर्ने कार्यक्रम तथा बजेट कार्यपालिकामा पेश गर्ने । | गैरसरकारी संस्था, सहकारी तथा अन्य सङ्घ/संस्था | गैरसरकारी संस्था तथा समुदायमा आधारित संस्थाहरूबाट कार्यान्वयन हुने सचेतना अभिवृद्धि तथा पैरवी सम्बन्धी कार्यक्रम तथा योजनाहरू समावेश गर्ने । |

| चरण तथा गर्नुपर्ने कार्य | जिम्मेवारी | लैङ्गिक उत्तरदायी बजेटका प्रावधानहरू |
|---|---|---|
| **चरण ५ बजेट तथा कार्यक्रम तर्जुमा** | | |
| १. विषयगत महाशाखा/ शाखाहरूबाट गाउँ/ नगरस्तरीय आयोजना र कार्यक्रमको सूची तयार गरी प्राथमिकता निर्धारण गर्ने । | सम्बन्धित महाशाखा, शाखा | लैङ्गिक विश्लेषणमा योजना तथा कार्यक्रमहरूको पहिचान बारे उल्लेख गरिएको हुनुपर्दछ । |
| २. विषयगत समितिहरूमा छलफल र पुनः प्राथमिकता निर्धारण गर्ने । | विषयगत समितिहरू | छलफलमा विभिन्न विषयगत क्षेत्रका मुख्य-मुख्य लैङ्गिक सवालहरू बारे उल्लेख गरिएको हुनुपर्दछ । |
| ३. बजेट (राजस्व, व्यय तथा वित्तीय व्यवस्था) तथा कार्यक्रमको प्रस्ताव तयार गर्ने । | बजेट तथा कार्यक्रम तर्जुमा समिति | जीविकोपार्जन र आवाज सशक्तिकरण एवम् विभेदजन्य नीति तथा अभ्यासहरूमा परिवर्तनलाई सम्बोधन गर्ने क्रियाकलापहरूका लागि पर्याप्त बजेट विनियोजन गर्ने । |
| ४. गैरसरकारी संस्था, अन्य सङ्घसंस्था र विकास साझेदारहरूको कार्यक्रम एकीकृत गर्ने । | बजेट तथा कार्यक्रम तर्जुमा समिति | पैरवी, सचेतना अभिवृद्धि कार्यक्रमहरू, पुरुषत्व सम्बन्धी मूल्यमान्यताहरूको समीक्षाका लागि महिला तथा बालकहरूसँगको संवादलाई समावेश गर्ने। |
| ५. आर्थिक विधेयकको प्रस्ताव तयार गरी कार्यपालिकामा पेश गर्ने । | बजेट तथा कार्यक्रम तर्जुमा समिति | विनियोजन विधेयकमा पर्याप्त बजेट भएको सुनिश्चित गर्ने । |
| ६. विनियोजन विधेयकको प्रस्ताव तयार गरी कार्यपालिकामा पेश गर्ने । | बजेट तथा कार्यक्रम तर्जुमा समिति | महिलाहरूको सशक्तिकरण, लैङ्गिक समानता तथा पुरुष सहभागिताका लागि बजेट विनियोजन भएको हुनुपर्ने । |

| चरण तथा गर्नुपर्ने कार्य | जिम्मेवारी | लैङ्गिक उत्तरदायी बजेटका प्रावधानहरू |
|---|---|---|
| **चरण ६ बजेट तथा कार्यक्रम कार्यपालिकाबाट स्वीकृति तथा स्थानीय सभामा पेश** | | |
| १. बजेट बक्तव्य, बजेट (राजस्व, व्यय र वित्तीय व्यवस्थाको अनुमान) तथा कार्यक्रम कार्यपालिकाबाट स्वीकृत गर्ने । | कार्यपालिका | महिला सशक्तिकरण तथा लैङ्गिक समानताका लागि प्रस्तावित योजनाहरू समावेश भएको जाँचबुझ गर्ने । |
| २. आर्थिक विधेयक तथा विनियोजन विधेयक कार्यपालिकाबाट स्वीकृत गर्ने । | कार्यपालिका | लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी योजनाहरू समावेश भएको विधेयक स्वीकृत गर्ने । |
| **चरण ७ स्थानीय सभाबाट बजेट तथा कार्यक्रम स्वीकृति** | | |
| १. आर्थिक विधेयक, विनियोजन विधेयक, कार्यक्रम तथा राजश्व, व्यय तथा वित्तीय व्यवस्थाको अनुमान पारित गर्ने । | स्थानीय सभा | महिलाहरू र लैङ्गिक समानताका लागि योजनाहरू समावेश भएको सुनिश्चित गरी स्वीकृत गर्ने । |
| २. सभाबाट पारित ऐनहरू प्रमाणित गर्ने । | अध्यक्ष/प्रमुख | प्रमाणीकरण गर्नु अघि ऐनमा महिला सशक्तिकरण तथा लैङ्गिक समानताका सवालहरू सम्बोधन भएको सुनिश्चित गर्ने। |
| ३. सभाबाट पारित दस्तावेजहरू राजपत्रमा प्रकाशन गर्ने । | प्रमुख प्रशासकीय अधिकृत | स्थानीय समुदायको पहुँच पुर्याउन तथा उनीहरूले बुझ्न सकुन भनी लैङ्गिक उत्तरदायी बजेट सम्बन्धी विस्तृत विवरणहरू सहित उपयुक्त भाषामा दस्तावेज प्रकाशन गर्ने । |

*स्रोतः स्थानीय सरकारको वार्षिक योजना तथा बजेट तर्जुमा हाते पुस्तिका २०७७, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवार, काठमाडौं) ।*

## अनुसूची — २ खण्डीकृत सूचना तथा तथ्याङ्क सङ्कलन फारम

*(यो फारम वडा तथा गाउँपालिका नगरपालिका तहका लागि उदाहरणको रूपमा प्रस्तुत गरिएको हो । प्रदेशहरूले पनि यस्तै प्रकारको फारम प्रयोग गर्न सक्छन् ।)*

---

*सूचनाको स्रोतः तथ्याङ्क विभाग, स्थानीय तहबाट उपलब्ध दस्तावेज प्रतिवेदन, विद्यालय व्यवस्थापन समिति, स्वास्थ्य सुविधा व्यवस्थापन समिति, उपभोक्ता समिति आदिका प्रतिवेदनहरू, परियोजना/कार्यक्रमका प्रतिवेदनहरू, प्रमुख अगुवाहरूसँगको बैठक परामर्श, महिला तथा पुरुषहरूसँगको छलफल*

---

स्थानीय तहः ______________________________

सूचना सङ्कलकको नामः ______________________________

तयार गरिएको महिना र वर्षः ______________________________

## १. वडास्तरीय विवरण

### १.१ विद्यार्थीहरूको खण्डीकृत विवरण

| वडा नं. | दलित | जनजाति | मुस्लिम | ब्राम्हण/क्षेत्री | पिछडा वर्ग |
|---|---|---|---|---|---|
| प्राथमिक विद्यालय (सङ्ख्याः .............) | | | | | |
| | | | | | |
| निम्नमाध्यमिक विद्यालय (सङ्ख्याः .............) | | | | | |
| | | | | | |
| माध्यमिक विद्यालय (सङ्ख्याः .............) | | | | | |
| | | | | | |
| कलेज/क्याम्पस (सङ्ख्याः .............) | | | | | |
| | | | | | |
| प्राविधिक विद्यालय (सङ्ख्याः .............) | | | | | |
| | | | | | |

१.२ विद्यालय नगएका बालबालिका/विद्यालय छाडेका/अनौपचारिक शिक्षा, छात्रवृत्ति प्राप्त गरेका विद्यार्थीहरू

| वडा नं. | दलित | जनजाति | मुस्लिम | ब्राम्हण/क्षेत्री | पिछडा वर्ग |
|---|---|---|---|---|---|
| विद्यालय भर्ना नभएका बालबालिकाको सङ्ख्या | | | | | |
| | | | | | |
| विद्यालय जान छाडेका बालबालिकाको सङ्ख्या (कक्षा अनुसार खुलाउने) | | | | | |
| | | | | | |
| विद्यालय जान छाड्ने मुख्य कारणहरू | | | | | |
| | | | | | |
| अनौपचारिक शिक्षामा सहभागिता सङ्ख्या | | | | | |
| | | | | | |
| छात्रवृत्ति प्राप्त गरेका विद्यार्थीहरूको सङ्ख्या | | | | | |
| | | | | | |

## २. स्वास्थ्यः परिवार एवम् प्रजनन् स्वास्थ्यका सूचकहरू, पहुँच/बाधाहरू

२.१ स्वास्थ्य संस्थाहरूको सङ्ख्या

| वडा नं. | उपस्वास्थ्य चौकी | स्वास्थ्य चौकी | प्राथमिक स्वास्थ्य केन्द्र | अस्पताल (वस्तीस्तर) |
|---|---|---|---|---|
| | | | | |

२.२ परिवार एवम् प्रजनन् स्वास्थ्यका सूचकहरू, पहुँच/बाधाहरू

| वडा नं. | दलित | जनजाति | मुस्लिम | ब्राम्हण/क्षेत्री | पिछडा वर्ग |
|---|---|---|---|---|---|
| विवाहको उमेर | | | | | |
| | | | | | |
| महिलाहरुको गर्भवती जाँच (प्रतिशत र कति पटक हो खुलाउने) | | | | | |
| | | | | | |
| स्वास्थ्य संस्था वा सुडेनीको सहयोगमा सुत्केरी गराउनेको प्रतिशत | | | | | |
| | | | | | |
| पाठेघर खस्ने समस्या भएकाहरूको सङ्ख्या | | | | | |
| | | | | | |
| .......(सही सूचकका लागि उपस्वास्थ्य वा स्वास्थ्य चौकी प्रमुखलाई सोध्ने) | | | | | |
| | | | | | |

| स्वास्थ्य सेवामा कसको पहुँच छ र के का लागि (महिला स्वयम् सेविका, स्वास्थ्य चौकी, समुदायका महिला र पुरुषलाई सोध्ने) | | | | | |
|---|---|---|---|---|---|
| | | | | | |
| कसको छैन/किन छैन ((महिला स्वयम्सेविका, स्वास्थ्य चौकी, समुदायका महिला र पुरुषलाई सोध्ने) | | | | | |
| | | | | | |

## ३. मुख्य पेशा, रोजगारी, बसाइँसराई, औसत आम्दानी, महिला मूली भएको घरधुरी, भूमिहीन महिला, खाद्य पर्याप्तता

| वडा नं. | दलित | जनजाति | मुस्लिम | ब्राम्हण/क्षेत्री | पिछडा वर्ग |
|---|---|---|---|---|---|
| मुख्य पेशा | | | | | |
| | | | | | |
| रोजगारी | | | | | |
| | | | | | |
| औसत आम्दानी | | | | | |
| | | | | | |
| विधवा वा महिला मूली घएको घरधुरी | | | | | |
| | | | | | |
| दैनिक ज्याला (दक्ष, अर्धदक्ष र अदक्षको छुट्टाछुट्टै खुलाउने) | | | | | |
| | | | | | |
| भूमिहिन घरधुरीको सङ्ख्या | | | | | |
| | | | | | |
| आफ्नै जग्गाले खान पुग्ने (महिनामा) | | | | | |
| | | | | | |

## ४. सामुदायिक एवम् सहकारी सङ्घ संस्था

४.१ उपभोक्ता समूह, ऋण तथा बचत समूह, सामुदायिक संस्था, आदिवासी/दलित/मधेसी/मुस्लिमको सङ्गठन, आमा समूह, युवा क्लब, सहकारी (सदस्य सङ्ख्या)

| वडा नं. | दलित | जनजाति | मुस्लिम | ब्राम्हण/क्षेत्री | पिछडा वर्ग |
|---|---|---|---|---|---|
| उपभोक्ता समूह (के का लागि) | | | | | |
| | | | | | |
| ऋण तथा बचत समूह | | | | | |
| | | | | | |
| सामुदायिक संस्था | | | | | |
| | | | | | |
| सामुदायिक वन उपभोक्ता समूह | | | | | |
| | | | | | |
| आदिवासी/दलित/मधेसी/मुस्लिमको सङ्गठन | | | | | |
| | | | | | |
| आमा समूह | | | | | |
| | | | | | |
| युवा क्लब/अन्य क्लब | | | | | |
| | | | | | |
| सहकारी (के का लागि) | | | | | |
| | | | | | |

## ४.२ कुनै पनि समूहमा आबद्ध नभएको घरधुरीको संख्या

| वस्ती/वडा | कुनै पनि समूहमा आबद्ध नभएका महिलाहरूको सङ्ख्या | अति गरीब (भूमिहिन, ज्यालादारी, अरुमा आश्रित महिला) |
|---|---|---|
| | | |

## ५. सामाजिक सुरक्षा भत्ताका लागि योग्य महिलाहरू एवम् द्वन्द्व पिडितका लागि नेपाल सरकारको कार्यक्रम सम्बन्धी विवरण

| वडा नं. | दलित महिला (६०+ सङ्ख्या) | ज्येष्ठ नागरिक महिला (७०+ सङ्ख्या) | विधवा सङ्ख्या | टुहुरो बालबालिका सङ्ख्या | महिला अपाङ्गको सङ्ख्या (अपाङ्गका प्रकार सहित खण्डीकृत सूचना) | आन्तरिक रूपले विस्थापित महिलाहरूको संख्या (खण्डीकृत सूचना) |
|---|---|---|---|---|---|---|
| | | | | | | |

## ६. लैङ्गिक एवम् शक्ति सम्बन्ध नक्साङ्कन

| सूचकहरू | श्रम | | पहुँच | | निर्णय | | जातजातिमा भिन्नता, यदि भए | कैफियत/प्रतिक्रिया |
|---|---|---|---|---|---|---|---|---|
| | म | पु | म | पु | म | पु | | |
| आफ्नै जग्गामा खेती गर्ने | | | | | | | | |
| पैसाका लागि खेती गर्ने | | | | | | | | |
| विद्यालय | | | | | | | | |
| कलेज/क्याम्पस | | | | | | | | |
| प्राविधिक शिक्षा | | | | | | | | |
| स्वास्थ्य चौकी/अस्पताल जाने | | | | | | | | |
| औषधीमा पहुँच | | | | | | | | |
| विद्यालय व्यवस्थापन समिति | | | | | | | | |
| स्वास्थ्य सेवा व्यवस्थापन समिति | | | | | | | | |
| गाउँपालिका/नगरपालिका | | | | | | | | |
| अध्यापन कार्यका पदहरू | | | | | | | | |
| जेटिएका सेवाहरू | | | | | | | | |
| सीपमूलक तालिम | | | | | | | | |
| सरकारी कार्यालय एवम् प्रक्रियाहरू बारे जानकारी | | | | | | | | |
| रोजगारीका अवसरहरु (के र कसका लागि) | | | | | | | | |
| समूह/सामुदायिक संस्था/क्लबहरूमा सदस्यता एवम् कार्यकारी पद | | | | | | | | |
| क्षमता अभिवृद्धि | | | | | | | | |
| खाना पकाउने, सरसफाइ गर्ने, बच्चा एवम् विरामीको हेरचाह | | | | | | | | |

विश्लेषणः (१) श्रम विभाजन, स्रोतहरूमा पहुँच एवम् निर्णयमा समग्र अवस्था कस्तो छ रु कामको धेरै बोझ कसलाई छ एवम् निर्णय गर्ने अधिकार कसको छैन वा कमी छ रु यसलाई न्यायोचित कसरी बनाउन सकिन्छ रु ९२) विगत केही वर्षहरूमा परिवर्तनहरू देखा पर्न थालेका छन् भने किन परिवर्तन हुन थालेको हो रु ९३) विद्यमान विभेदकारी प्रचलनहरूः बाल विवाह, दाइजो / तिलक, छोरी भएमा गर्भपतन गराउने, छुवाछुत, घरमा छोरीको कार्यबोझ, विधवा महिलालाई हेर्ने दृष्टिकोण, घरभित्र खानपान, लवाई एवम् सेवा सुविधामा विभेद... आदि ।

## ७. वडास्तरीय समग्र चित्रण (माथिको तथ्याङ्कबाट निश्कर्ष निकाल्ने)

वार्ड १ नामः वस्तीहरूको सङ्ख्याः

| क्र. सं. | सूचकहरू/वडामा रहेका वस्तीहरू | वस्ती १ | वस्ती २ | वस्ती ३ | वस्ती ४ | वस्ती ५ | वस्ती ६ | वस्ती ७ | वस्ती ८ | वस्ती ९ |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १.१ | विद्यालयमा पहुँच (खण्डीकृत सूचना) | | | | | | | | | |
| १.२ | साक्षरता दर र विद्यालय नजानेको सङ्ख्या/विद्यालय छाड्नेको सङ्ख्या | | | | | | | | | |
| २. | परिवार र प्रजनन् स्वास्थ्य सूचकहरू | | | | | | | | | |
| | स्वास्थ्य चौकीको सङ्ख्या<br>उपस्वास्थ्य चौकीको सङ्ख्या<br>अस्पतालको सङ्ख्या | | | | | | | | | |
| | विवाहको उमेर | | | | | | | | | |
| | महिलाहरूको गर्भवती जाँचको प्रतिशत/कति पटक | | | | | | | | | |
| | स्वास्थ्य संस्था वा सुडेनीको सहयोगमा सुत्केरी गराउनेको प्रतिशत | | | | | | | | | |
| | पाठेघर खस्ने सङ्ख्या | | | | | | | | | |
| | स्वास्थ्य सेवामा कसको पहुँच छ र के का लागि | | | | | | | | | |
| | कसको छैन/किन छैन | | | | | | | | | |
| ३. | मुख्य पेशा | | | | | | | | | |
| | रोजगारी | | | | | | | | | |
| | औसत आम्दानी | | | | | | | | | |
| | महिला मूली भएको घरधुरी | | | | | | | | | |
| | भूमिहीन घरधुरी | | | | | | | | | |
| | आफ्नै जग्गाले खान पुग्ने | | | | | | | | | |
| ४.१ | सामुदायिक एवम् सहकारी सङ्घसंस्था | | | | | | | | | |
| | उपभोक्ता समूह | | | | | | | | | |
| | ऋण तथा बचत समूह | | | | | | | | | |
| | सामुदायिक संस्था | | | | | | | | | |
| | आदिवासी जनताको सङ्गठन | | | | | | | | | |
| | आमा समूह | | | | | | | | | |
| | युवा क्लब/अन्य क्लब | | | | | | | | | |
| | सहकारी | | | | | | | | | |
| ४.२ | कुनै पनि समूहमा आबद्ध नभएको महिला | | | | | | | | | |
| | अति गरीब (भूमिहिन, ज्यालादारी, अरुमा आश्रित महिला) | | | | | | | | | |
| ७. | लैङ्गिक एवम् शक्ति सम्बन्ध नक्साङ्कन निश्कर्ष | | | | | | | | | |

## अनुसूची—३ योजना तहमा महिला सशक्तिकरण तथा लैङ्गिक समानतासँग सम्बन्धित केही क्रियाकलापहरू

जीविकोपार्जन सशक्तिकरणसँग सम्बन्धित

- पूर्वाधार योजनाहरूमा महिलाहरूलाई रोजगारी,
- महिला र पुरुष श्रमिकलाई समान ज्याला,
- उच्च ज्यालाका लागि महिला श्रमिकहरूको सीप अभिवृद्धि सम्बन्धी तालिम,
- महिला श्रमिकका लागि बचत तथा ऋण सम्बन्धी क्रियाकलापहरू,
- खेतीपातीका लागि महिला किसानहरूको भूमिमा पहुँच बढाउने र सुधार ल्याउने निर्दिष्ट प्रावधानहरू,
- बिउ मल तथा विउका उन्नत जातहरू, आपूर्तिकर्ता तथा मूल्य सम्बन्धी जानकारीमा पहुँच,
- सुधारिएको सिंचाइ तथा खेतीका लागि प्रविधि तथा उपकरणहरूमा पहुँच,
- घरमा गर्नुपर्ने कठिन परिश्रमलाई न्यून गर्न प्रविधि तथा उपकरणहरूमा पहुँच,
- विद्यालयहरूमा राम्रो र गुणस्तरीय शिक्षाको पहुँचमा सुधार,
- बालिका तथा महिला शिक्षकका लागि सुहाउँदो कक्षाकोठा र शौचालय सहितको विद्यालय पूर्वाधारमा सुधार,
- शिक्षण सीप अभिवृद्धिका लागि शिक्षिकाहरूलाई तालिम,
- बालिका तथा महिलाहरूलाई जीवनचक्र भरि स्वास्थ्य हेरचाहको पहुँचमा सुधार,
- सुरक्षित मातृत्व अभ्यासहरूको चेतनामा सुधार,
- निर्दिष्ट सेवाहरू उपलब्ध गराउन विभिन्न बस्तीहरूमा स्वास्थ्य शिविर,
- प्राविधिक सीपमा सुधार ल्याउन महिला स्वास्थ्यकर्मीहरूलाई तालिम,
- दुर्गम क्षेत्रका बालिका तथा महिलाहरूको पहुँचमा स्वास्थ्य हेरचाह सुविधाहरूको अभिवृद्धि,

- वञ्चित समूहको उच्च बाहुल्यता रहेको बस्तीहरूमा पानी, सरसफाइ तथा स्वच्छता (जसलाई अङ्ग्रेजीमा संक्षेपमा वास भनिन्छ) सुविधाहरू,
- हिंसामा परेका बालिका तथा महिलाका लागि आश्रय स्थल,
- कार्यस्थलमा बाल हेरचाह सुविधा,
- कार्यस्थलमा महिला, पुरुष र तेस्रो लिङ्गीलाई शौचालयको सुविधा ।

आवाज/सामाजिक सशक्तिकरणसँग सम्बन्धित

- लैङ्गिक हिसा, जातीय विभेद सम्बन्धी कानुनी अधिकारका बारेमा महिलाहरूलाई अभिमुखीकरण,
- विभिन्न समितिहरूमा निर्णय निर्माण तहमा महिलाहरूको प्रतिनिधित्व र क्षमता सुदृढीकरण,
- सहकारी, महिला उपभोक्ता समूह तथा अन्य सङ्घ सङ्गठनका महिलाहरूलाई नेतृत्व विकास तालिम,
- सेवा तथा सेवा प्रवाह संयन्त्रका बारेमा तालिम,
- शासन तथा सामाजिक उत्तरदायी औजारहरू (टुल्स) का बारेमा तालिम,
- विभेदजन्य अभ्यासहरू तिनको न्यूनीकरण सम्बन्धी छलफल गर्न कक्षाहरू (e.g.REFLECT - Regenerated Freirean Literacy through Empowering Community Techniques),
- विकासका विभिन्न लाभहरूको पहुँचमा हुने विभिन्न लैङ्गिक अवरोधहरूका बारेमा छलफल तथा संवाद,
- सरकारद्वारा महिला, एकल महिला, अपाङ्ग महिलाहरूलाई उपलब्ध गराइएको विभिन्न सहयोगका बारेमा जानकारी र त्यस्ता सेवाहरूमा पहुँच कसरी कायम गर्ने एवम् न्यून गुणस्तरका सेवा भएको खण्डमा कसलाई जिम्मेवार बनाउने सम्बन्धमा जानकारी ।

विभेदजन्य औपचारिक तथा अनौपचारिक नीति, मूल्यमान्यता तथा मानसिकताहरूमा परिवर्तन

- स्थानीय नेताहरू, निर्णयकर्ता र निर्माण व्यवसायीहरूलाई महिला सशक्तिकरण तथा लैङ्गिक समानता सम्बन्धी अभिमुखीकरण,

- डकर्मी, प्लम्बर तथा दक्ष निर्माण श्रमिकजस्ता परम्परागत रूपमा पुरुषले मात्र गर्दै आएका कामहरू कसरी महिलाले पनि गर्न सक्दछन् भन्ने बारेमा प्रदर्शन,
- पुरुषत्व र यसको महिला हिंसामा प्रभावका बारेमा पुरुषलाई लक्षित गरी जनचेतना,
- महिलाको हिडडुल तथा निर्णय लिने क्षमता सम्बन्धी लैङ्गिक मान्यताहरूमा परिवर्तनका लागि पुरुषहरूसँग पैरवी,
- भूमि तथा अन्य आर्थिक स्रोतहरूमा महिलाहरूको स्वामित्व अभिवृद्धि,
- महिलाहरूलाई विभेद गर्ने नीतिहरूमा परिवर्तन,
- महिला सशक्तिकरण तथा लैङ्गिक समानतालाई सघाउ पुर्याउने नीतिहरूको विकास ।

## अनुसूची—४ क्रियाकलापहरूको लैङ्गिक उत्तरदायी बजेट सम्बन्धी सङ्केत (कोडिङ) को उदाहरण

उदाहरण १ सामाजिक विकास क्षेत्र

वार्षिक विकास कार्यक्रम

## विद्यालयलाई अनुदान

| कार्यक्रम, क्रियाकलापहरू | जीविकोपार्जन सशक्तिकरण, आवाज सशक्तिकरण, विभेदजन्य नीति तथा अभ्यासहरूमा परिवर्तनलाई सम्बोधन गर्ने कार्यक्रम/क्रियाकलापहरू | क्रियाकलाप वर्गीकरण, लैङ्गिक उत्तरदायी बजेट सङ्केत (कोडिङ) | बजेट रकम (रू.) |
|---|---|---|---|
| **कार्यक्रम** | | | |
| २.७.२३ विद्यालय अनुदान | | २ | ६०,००,००० |
| **क्रियाकलापहरू** | | | |
| २.७.२३.१ विद्यालय पुस्तकालयको लागि पुस्तक खरिद गर्न अनुदान | सान्दर्भिक नहुने | तटस्थ, ३ | १५,००,००० |
| २.७.२३.२ गुणस्तर सुनिश्चिततामा संलग्न संस्थाहरू तथा अध्यापनमा संलग्न विद्यालयहरूलाई अनुदान | सान्दर्भिक नहुने | तटस्थ, ३ | १५,००,००० |
| २.७.२३.३ बालिकाहरूलाई शिक्षामा कायम राख्ने कार्यलाई प्रर्वद्धन गर्न, विद्यालयलाई हिंसारहित बनाउन, बालकहरूको हिंसामुक्त राम्रो व्यवहार पहिचान गर्न विद्यालयहरूलाई कार्यसम्पादन अनुदान | विभेदजन्य नीति तथा मूल्यमान्यताहरूमा परिवर्तन | सहयोगी, २ | १०,००,००० |
| २.७.२३.४ बालिकाहरूलाई कायम राख्ने दर उच्च हुने कुरा सुनिश्चित गरी शैक्षिक कार्यक्रममा सुधार | जीविकोपार्जन सशक्तिकरण | निर्दिष्ट, १ | ५,००,००० |
| २.७.२३.५ योग्यता पुगेका बालिका उम्मेदवारहरूलाई प्राज्ञिक उत्कृष्टता अनुदान | जीविकोपार्जन सशक्तिकरण | निर्दिष्ट, १ | ५,००,००० |
| २.७.२३.६ विज्ञान, प्रविधि, इन्जिनियरिङ तथा गणित (STEM) विषयहरूमा कम्तिमा ६०% बालिकाहरू भएका विद्यालयहरूलाई अनुदान | जीविकोपार्जन सशक्तिकरण | सहयोगी, २ | ५,००,००० |
| २.७.२३.७ बालिका नेतृत्व विकासका लागि विशेष कार्यक्रमको आयोजना | आवाज सशक्तिकरण | निर्दिष्ट, १ | ५,००,००० |

| | | | |
|---|---|---|---|
| *परिर्वतनका क्षेत्रहरू (%) र लैङ्गिक उत्तरदायी बजेट वर्गीकरणका १, २, ३ वर्गका लागि कूल बजेट* | *जीविकोपार्जन सशक्तिकरणः २५%*<br>*आवाज सशक्तिकरणः ८%*<br>*विभेदजन्य नीति तथा मूल्यमान्यताहरूमा परिवर्तनः १७%*<br>*सान्दर्भिक नहुनेः ५०%* | *निर्दिष्टः २५%*<br>*सहयोगीः २५%*<br>*तटस्थः ५०%* | *सङ्केत (कोड)*<br>*१— १५,००,०००*<br>*सङ्केत (कोड)*<br>*२— १५,००,०००*<br>*सङ्केत (कोड)*<br>*३— ३०,००,०००* |
| **कार्यक्रमको लैङ्गिक उत्तरदायी बजेट सङ्केत (कोडिङ)** | | २ | |

## उदाहरण २ पूर्वाधार

## चावहिल मित्रपार्कमा आकाशे पुल निर्माण

| कार्यक्रम, क्रियाकलापहरू | जीविकोपार्जन सशक्तिकरण, आवाज सशक्तिकरण, विभेदजन्य नीति तथा अभ्यासहरूमा परिवर्तनलाई सम्बोधन गर्ने कार्यक्रम/क्रियाकलापहरू | क्रियाकलाप वर्गीकरण, लैङ्गिक उत्तरदायी बजेट सङ्केत (कोडिङ) | बजेट रकम (रू.) |
|---|---|---|---|
| **कार्यक्रम** | | | |
| आकाशेपुल निर्माण | | २ | ८५,००,००० |
| **क्रियाकलापहरू** | | | |
| निर्माण व्यवसायी तथा टोलीलाई लैङ्गिक विषयवस्तु सहित आयोजनाको आवश्यकताका बारेमा अभिमुखीकरण | विभेद जन्य नीति तथा मूल्य मान्यताहरूमा परिवर्तन | सहयोगी, २ | १,००,००० |
| पर्याप्त प्रकाश, शौचालय र बाल हेरचाह सुविधा सहितको श्रम क्याम्प | जीविकोपार्जन सशक्तिकरण | सहयोगी, २ | १,००,००० |
| महिला निर्माण व्यवसायीहरूलाई स–साना निर्माण सम्बन्धी कार्य गर्ने तालिम | जीविकोपार्जन सशक्तिकरण | निर्दिष्ट, १ | १,००,००० |
| १५ जना महिला श्रमिकलाई दक्ष कार्य सम्बन्धी तालिम | जीविकोपार्जन सशक्तिकरण | निर्दिष्ट, १ | १,००,००० |
| यौनजन्य हैरानी तथा सुरक्षा सम्बन्धी महिला श्रमिकहरूलाई तालिम | आवाज सशक्तिकरण | निर्दिष्ट, १ | १,००,००० |
| यौनजन्य हैरानी तथा महिला श्रमिकसँग कार्य गर्ने सम्बन्धमा पुरुष श्रमिकहरूलाई तालिम | विभेदजन्य नीति तथा मूल्य मान्यताहरूमा परिवर्तन | सहयोगी, २ | १,००,००० |
| सबैको प्रयोगका लागि ज्येष्ठ नागरिक (वृद्ध महिला सहित) मैत्री सुविधा (खण्ड खण्ड भएको भर्याङ, राम्रो रेलिङ, विश्राम स्थल) तथा ह्वीलचेयरको पहुँच भएको र tactile सुविधा सहितको (अपाङ्गता भएका महिला सहित अपाङ्गहरूको लागि) आकाशे पुल निर्माण | जीविकोपार्जन सशक्तिकरण | सहयोगी, २ | १५,००,००० |
| आकाशे पुलका लागि निर्माण सामाग्री खरिद | सान्दर्भिक नहुने | तटस्थ, ३ | ४०,००,००० |
| पुरुष श्रमिकलाई ज्याला | सान्दर्भिक नहुने | तटस्थ, ३ | १५,००,००० |
| महिला श्रमिकलाई ज्याला | जीविकोपार्जन सशक्तिकरण | निर्दिष्ट, १ | ५,००,००० |

| | | | |
|---|---|---|---|
| अन्य खर्च | सान्दर्भिक नहुने | तटस्थ, ३ | ४,००,००० |
| *परिवर्तनका क्षेत्रहरू (%) र लैङ्गिक उत्तरदायी बजेट वर्गीकरणका १, २, ३ वर्गका लागि कूल बजेट* | *जीविकोपार्जन सशक्तिकरणः २७%*<br>*आवाज सशक्तिकरणः १%*<br>*विभेदजन्य नीति तथा मूल्यमान्यताहरूमा परिवर्तनः २%*<br>*सान्दर्भिक नहुनेः ६९%* | *निर्दिष्टः ९%*<br>*सहयोगीः २१%*<br>*तटस्थः ६९%* | *सङ्केत (कोड) १— ८,००,०००*<br>*सङ्केत (कोड) २— १८,००,०००*<br>*सङ्केत (कोड) ३— ५९,००,०००* |
| **कार्यक्रमको लैङ्गिक उत्तरदायी बजेट सङ्केत (कोडिङ)** | | २ | |

उदाहरण ३ कृषि, वन तथा भूमि सुधार

# महिला किसानहरूका लागि फलफूल तथा तरकारी परियोजना

| कार्यक्रम, क्रियाकलापहरू | जीविकोपार्जन सशक्तिकरण, आवाज सशक्तिकरण, विभेदजन्य नीति तथा अभ्यासहरूमा परिवर्तनलाई सम्बोधन गर्ने कार्यक्रम/ क्रियाकलापहरू | क्रियाकलाप वर्गीकरण, लैङ्गिक उत्तरदायी बजेट सङ्केत (कोडिङ) | बजेट रकम (रू.) |
|---|---|---|---|
| **कार्यक्रम** | | | |
| फलफूल तथा तरकारी परियोजनाको भ्यालू चेन विकास | | १ | ३०,००,००० |
| **क्रियाकलापहरू** | | | |
| नगरपालिकामा भ्यालू चेन विकास सम्बन्धी ५ महिला सहकारीहरूलाई प्रशिक्षण | जीविकोपार्जन सशक्तिकरण | निर्दिष्ट, १ | ५,००,००० |
| सामाग्रीहरू खरिदका लागि घुम्ती कोष उपलब्ध गराउने | जीविकोपार्जन सशक्तिकरण | निर्दिष्ट, १ | २,००,००० |
| सङ्कलन केन्द्र तथा भण्डार निर्माण | जीविकोपार्जन सशक्तिकरण | निर्दिष्ट, १ | ५,००,००० |
| महिला सहकारीहरूलाई सेवा उपलब्ध गराउन एक्सटेन्सन अधिकृतहरूलाई उत्पादन प्रविधि तथा महत्तम अभ्यास सम्बन्धी तालिम | जीविकोपार्जन सशक्तिकरण | सहयोगी, २ | १,००,००० |
| महिला सहकारीहरूलाई उत्पादन तथा पोस्ट—हार्भेस्ट प्रविधि सम्बन्धी विस्तारित सेवा | आवाज सशक्तिकरण | निर्दिष्ट, १ | ५,००,००० |
| महिला सहकारीहरूलाई लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी तालिम | विभेदजन्य नीति तथा मूल्यमान्यताहरूमा परिवर्तन | सहयोगी, २ | १,००,००० |
| पुरुष कृषक, परिवारको रेखदेखकर्ता र समुदायका नेताहरूलाई लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी तालिम | विभेदजन्य नीति तथा मूल्य मान्यताहरूमा परिवर्तन | सहयोगी, २ | १,००,००० |

| | | | |
|---|---|---|---|
| सङ्कलन केन्द्र तथा सेटलाइट बजारका सञ्चालकहरूलाई बजारीकरण र व्यवस्थापन सम्बन्धी तालिम | सान्दर्भिक नहुने | तटस्थ, ३ | १,००,००० |
| सङ्कलन केन्द्रहरू तथा सेटलाइट बजारहरूमा बजार सूचना प्रणाली सुदृढीकरण | सान्दर्भिक नहुने | तटस्थ, ३ | २,००,००० |
| कम्प्यूटर प्रणली जडान तथा महिला सहकारीहरूलाई बजार सूचना प्रणाली सम्बन्धी तालिम | आवाज सशक्तिकरण | तटस्थ, ३ | ५,००,००० |
| अन्य खर्च | सान्दर्भिक नहुने | तटस्थ, ३ | २,००,००० |
| *परिर्वतनका क्षेत्रहरू (%) र लैङ्गिक उत्तरदायी बजेट वर्गीकरणका १, २, ३ वर्गका लागि कूल बजेट* | *जीविकोपार्जन सशक्तिकरणः ७७%*<br>*आवाज सशक्तिकरणः ०%*<br>*विभेदजन्य नीति तथा मूल्यमान्यताहरूमा परिवर्तनः ७%*<br>*सान्दर्भिक नहुनेः १६%* | *निर्दिष्टः ७३%*<br>*सहयोगीः १०%*<br>*तटस्थः १७%* | *सङ्केत (कोड)*<br>*१— २२,००,०००*<br>*सङ्केत (कोड)*<br>*२— ३,००,०००*<br>*सङ्केत (कोड)*<br>*३— ५,००,०००* |
| **कार्यक्रमको लैङ्गिक उत्तरदायी बजेट सङ्केत (कोडिङ)** | | १ | |

उदाहरण ४ गरिवी निवारण, स्थानीय विकास तथा शान्ति

# साना स्तरका सामुदायिक स्थानीय पूर्वाधार

| **कार्यक्रम, क्रियाकलापहरू** | **जीविकोपार्जन सशक्तिकरण, आवाज सशक्तिकरण, विभेदजन्य नीति तथा अभ्यासहरूमा परिवर्तनलाई सम्बोधन गर्ने कार्यक्रम/क्रियाकलापहरू** | **क्रियाकलाप वर्गीकरण, लैङ्गिक उत्तरदायी बजेट सङ्केत (कोडिङ)** | **बजेट रकम (रू.)** |
|---|---|---|---|
| **कार्यक्रम** | | | |
| सामुदायिक भवन निर्माण | | ३ | ५०,००,००० |
| **क्रियाकलापहरू** | | | |
| आर्किटेकबाट सामुदायिक भवनको डिजाइन तयार गर्ने | सान्दर्भिक नहुने | तटस्थ, ३ | २,००,००० |
| डिजाइनको स्वीकृति | सान्दर्भिक नहुने | तटस्थ, ३ | २,००,००० |
| भवन निर्माण सामाग्री खरिद गर्ने | सान्दर्भिक नहुने | तटस्थ, ३ | २०,००,००० |
| डकर्मी, सिकर्मी र स्टीलको कार्य गर्ने श्रमिकहरूलाई सुरक्षाका उपायहरूबारे तालिम | सान्दर्भिक नहुने | तटस्थ, ३ | २,००,००० |
| भवन निर्माण गर्ने | सान्दर्भिक नहुने | तटस्थ, ३ | २०,००,००० |
| महिलाको प्रतिनिधि सहित सञ्चालन तथा मर्मत सम्भार समिति गठन गर्ने, तालिम दिने र विउँ पुँजी उपलब्ध गराउने | आवाज सशक्तिकरण | सहयोगी, २ | २,००,००० |
| अन्य खर्च | सान्दर्भिक नहुने | तटस्थ, ३ | २,००,००० |
| *परिर्वतनका क्षेत्रहरू (%) र लैङ्गिक उत्तरदायी बजेट वर्गीकरणका १, २, ३ वर्गका लागि कूल बजेट* | *जीविकोपार्जन सशक्तिकरणः ०%*<br>*आवाज सशक्तिकरणः ४%*<br>*विभेदजन्य नीति तथा मूल्यमान्यताहरूमा परिवर्तनः ०%*<br>*सान्दर्भिक नहुनेः ९६%* | *निर्दिष्टः ०%*<br>*सहयोगीः ४%*<br>*तटस्थः ९६%* | *सङ्केत (कोड) १- ०*<br>*सङ्केत (कोड) २- २,००,०००*<br>*सङ्केत (कोड) ३-४८,००,०००* |
| **कार्यक्रमको लैङ्गिक उत्तरदायी बजेट सङ्केत (कोडिङ)** | | २ | |

उदाहरण ५ — शासन

# ..... नगरपालिकाको आवधिक योजना

| कार्यक्रम, क्रियाकलापहरू | जीविकोपार्जन सशक्तिकरण, आवाज सशक्तिकरण, विभेदजन्य नीति तथा अभ्यासहरूमा परिवर्तनलाई सम्बोधन गर्ने कार्यक्रम/क्रियाकलापहरू | क्रियाकलाप वर्गीकरण, लैङ्गिक उत्तरदायी बजेट सङ्केत (कोडिङ) | बजेट रकम (रू.) |
|---|---|---|---|
| **कार्यक्रम** | | | |
| .... नगरपालिकाको आवधिक योजना | | २ | १०,००,००० |
| **क्रियाकलापहरू** | | | |
| रणनीतिक योजना सहजकर्ताहरूसँग सम्झौता | सान्दर्भिक नहुने | तटस्थ, ३ | ३,००,००० |
| योजना तर्जुमाका लागि खण्डीकृत तथ्याङ्क सङ्कलन | विभेदजन्य नीति तथा मूल्यमान्यताहरूमा परिवर्तन | सहयोगी, २ | २,००,००० |
| जनप्रतिनिधि तथा कर्मचारीहरूका लागि कार्यशाला | सान्दर्भिक नहुने | तटस्थ, ३ | २,००,००० |
| १५ जना महिला श्रमिकलाई दक्ष कार्य सम्बन्धी तालिम | जीविकोपार्जन सशक्तिकरण | निर्दिष्ट, १ | १,००,००० |
| महिला सहभागीहरूका लागि उनीहरूको आवाज सङ्कलन गर्न कार्यशाला | आवाज सशक्तिकरण | निर्दिष्ट, १ | १,००,००० |
| वञ्चित सामाजिक समूहका पुरुष सहभागीहरूको लैङ्गिक सवालहरू सहित आवाज सङ्कलनका लागि कार्यशाला | विभेदजन्य नीति तथा मूल्यमान्यताहरूमा परिवर्तन | सहयोगी, २ | १,००,००० |
| योजना तर्जुमाका लागि अन्तिम कार्यशाला | विभेदजन्य नीति तथा मूल्यमान्यताहरूमा परिवर्तन | तटस्थ, ३ | १,००,००० |
| *परिवर्तनका क्षेत्रहरू (%) र लैङ्गिक उत्तरदायी बजेट वर्गीकरणका १, २, ३ वर्गका लागि कूल बजेट* | *जीविकोपार्जन सशक्तिकरणः ०%*<br>*आवाज सशक्तिकरणः १०%*<br>*विभेदजन्य नीति तथा मूल्यमान्यताहरूमा परिवर्तनः ३०%*<br>*सान्दर्भिक नहुनेः ६०%* | *निर्दिष्टः १०%*<br>*सहयोगीः ३०%*<br>*तटस्थः ६०%* | *सङ्केत (कोड)*<br>*१— १,००,०००*<br>*सङ्केत (कोड)*<br>*२— ३,००,०००*<br>*सङ्केत (कोड)*<br>*३— ६,००,०००* |
| **कार्यक्रमको लैङ्गिक उत्तरदायी बजेट सङ्केत (कोडिङ)** | | २ | |

## अनुसूची–५ स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणालीमा रणनीतिक लैङ्गिक उत्तरदायी बजेट सङ्केत (कोडिङ) को स्क्रीन

